"दीगो विकास र सुशासनको लहर, छत्रेश्वरीबासीको रहर"

## छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यान, कर्णाली प्रदेश, नेपाल

# पार्श्वचित्र

# Municipal Profile





## २०७५ असार

# दुई शब्द



सत्ययुगमा महादेवले सतीदेवीको मृत शरीर बोकेर विश्व भ्रमण गर्दा सतिदेवीको छायाँक्षेत्र स्थित छत्रेश्वरी मन्दिरमा अन्तिम अंग पतन भएको धार्मिक पर्यटकीय स्थलको नामबाट यस छत्रेश्वरी गाउँपालिकाको नामकरण गरिएको हो । नेपालको संविधान बमोजिम पुनर्संरचना पश्चात गठित यस गाउँपालिकाको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रण गरेको छ । यस्तो यथार्थ चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी उपलब्ध सीमित श्रोत साधनको अधिकतम र किफायती सदुपयोग गरी गाउँपालिकाको दीगो विकासलाई गति प्रदान गर्न आवश्यक सहयोग पुऱ्याउने आशा एवं विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेटिएको भएता पनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सापेक्ष परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस गरेका छौं ।

गाउँपालिका क्षेत्रभित्रको योजनावद्ध विकासको मार्ग दर्शनको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न महत्वपूर्ण जिम्मेवारी वहन गरी सघाउ पुऱ्याउने गाउँ कार्यपालिकाका कार्यकारी अधिकृत, लगायत वडा कार्यालयका सम्पूर्ण कर्मचारीहरू एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट म आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा गाउँपालिकाको समृद्धि, दीगो विकास र सुसम्पन्नताको आधार चित्रको खाका तयार गर्न यो प्रतिवेदन फलदायी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस भन्ने सुभेच्छा प्रकट गर्दछु ।

सन्तोष के.सी.

अध्यक्ष

# मेरो भन्नु



दिगो र योजनाबद्ध विकासलाई गतिशिल बनाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ। यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ। जसमा गाउँपालिका क्षेत्रभित्रका विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका जनसंख्या, कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी पार्श्वचित्र तयारी गरिएको छ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा स्थानीयबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु। पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा सचिवहरू, सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई पूर्णता दिनुहुने सम्पूर्णलाई विशेष धन्यबाद दिन चाहन्छु।

सिता के.सी.

उपाध्यक्ष



# मेरो भन्नु

हामी मुलुकमा विद्यमान एकात्मक र केन्द्रिकृत शासन प्रणालीको अन्त्य गरी संघिय शासन व्यवस्थाको संस्थागत विकास गर्ने प्रकृयामा रहेका छौं । यस अन्तरगत स्थानीयतहलाई संविधानतः नीति तथा कानुनको निर्माण एवं कार्यान्वयन गरी समृद्ध सवल र आत्मनिर्भर स्थानीयतहको बनाउने सम्मको अधिकारहरु प्राप्त छन् ।

जिल्लाकै सर्वोच्चो महाभारत श्रृंखला खर्सुवास लेकको संरक्षण र ऐतिहासिक पुरातात्विकएवं धार्मिक महत्व बोकेको छत्रेश्वरी देवीको पवित्र भुमिका रुपमा जिल्लाको मध्यभागमा अवस्थित छत्रेश्वरी गाउँपालिका सामाजिक, सांस्कृतिक, एवं भौगोलिक विविधता र आर्थिक एवं पर्यटकीय महत्वका हिसावले सम्भावना बोकेको गाउँपालिकाहो । हामीले परिकल्पना गरेको समृद्ध छत्रेश्वरीको निर्माण गर्न सवै क्षेत्र वर्ग र समुदाय मान्यायोचित र समानुपातिक विकासका माध्यामबाट यहाँको शिक्षा, स्वास्थ्य, पर्यटन, सिचाई, खानेपानी, विद्युत संरचना लगायतका पुर्वाधार विकास र रोजगारी सृजना गरी नागरिकको समग्र जिवन स्तरमा खुसी र उमंगल्याउन आवश्वयक छ ।

यस गाउँपालिकाको पार्श्वचित्रमार्फत गाउँपालिका क्षेत्र भित्रका सामाजिक, आर्थिक भौगोलिक एवं शिक्षा, स्वाथ्य कृषि लगायत विभिन्न विषयगत क्षेत्रहरुका बारेमा अधिकतम वस्तुनिष्ठ एवं यर्थाथ सुचना तथा जानकारी प्राप्त गर्न सकिनेछ । सुचना तथा तथ्यांकको यथार्थ विश्लेषण एवं उपयोगका माध्यामबाट गाउँपालिकाको वार्षिक, आवधिक एवं दिर्घकालिन योजना निर्माण गरी विकासका बहुआयामिक क्षेत्रको समयानुकुल व्यवस्थापन गर्न सकिन्छ । जसबाट गाउँपालिकामा विद्यमान स्रोत साधनको सहज अनुमान तथा समुचित उपयोग गरी उच्चदिगो र फराकिलो आर्थिक बृद्धि हासिल गर्न सकिन्छ । यसबाट गाउँपालिका हाल कुन अवस्थामा छ र भोलीका दिनमा कुन अवस्थामा लैजाने भन्ने प्रसस्त मार्ग चित्रदिनेछ । तसर्थ यस गाउँपालिका क्षेत्र भित्रको बहुजातीय, वहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई विकास निर्माणका माध्यमद्धारा सम्बोधन गरी त्यसकालाभको समानवितरण मार्फत विविधताबीचको एकता र सामाजिक साँस्कृतिक ऐक्यबद्धता कायमगर्दै गाउँपालिका बासीको आर्थिक उन्नती, समृद्धि र सामाजिकन्याय सुनिश्चतगर्न समानुपातिक समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको सिर्माणमा यस पार्श्वचित्रले महत्वपुर्ण आधार प्रदानगर्नेछ भन्ने विश्वास लिएको छु ।

डिल्ली खड्का

प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरू २

**खण्ड २ : छत्रेश्वरी गाउँपालिकाको परिचय** ३

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ३

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ७

२.३ भौगोलिक अवस्थिति ८

२.४ माटोको वनावट र उर्वराशक्ति ८

क) पँगो माटो ८

ख) बलौटे माटो ९

२.५ भिरालोपन ९

२.५ भू-बनावट ११

२.६ हावापानी ११

२.७ मुख्य नदी, ताल तलैया तथा सिमसार क्षेत्र १३

२.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू १४

(क) छत्रेश्वरी मन्दिर १४

२.९ पार्क तथा खुला क्षेत्र १६

२.१० मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण १७

२.११ खनिजश्रोत १७

२.१२ मुख्य व्यापारिक केन्द्र १९

२.१३ गाउँपालिकाको सम्भाव्यता र अवसर १९

२.१४ गाउँपालिकँको चुनौती तथा समस्याहरू २१

**खण्ड ३ : जनसंख्याको विवरण** २२

३.१ जनसंख्याको विवरण २२

३.२ लिङ्ग अनुसार वडागत जनसंख्याको विवरण २३

३.३ जनसंख्याको उमेरगत संरचना २७

३.४ घरमूलीको लैङ्गिक विवरण २८

३.५ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २९
३.६ पहिलो विवाह गर्दाको उमेरको विवरण ३०
३.७ लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति ३१
३.८ मातृभाषाअनुसार जनसंख्या विवरण ३२
३.९ जातजाती अनुसार जनसंख्या ३२
(क) आदिवासी ३४
(ख) उत्पीडित समुदाय ३४
३.१० धर्मका आधारमा जनसङ्ख्या ३४
३.११ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण ३५
३.१२ घरमा महिलाको स्वामित्वको विवरण ३६
३.१३ जमिनमा महिलाको स्वामित्वको विवरण ३७
३.१४ जगको आधारमा घरको बनोटको विवरण ३८
३.१५ बाहिरी गारोका आधारमा घरको विवरण ३९
३.१६ छानाको आधारमा घरको विवरण ४०
३.१७ बसाई सराईको अवस्था ४१
खण्ड ४ : भू-उपयोग ४३
४.१ गाउँपालिकाको भू-उपयोगको विवरण ४३
४.१.१ सार्वजानिक जग्गाको विवरण ४५
४.२ शहरीकरणको स्वरुप ४५
४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ४६
४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप ४७
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ४८
४.५ भू-क्षय सम्भावित क्षेत्र ४९
४.६ गाउँमा नदी कटानबाट भएका प्रकोपको विवरण ५०
४.७ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण ५०
खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५१
५.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५१
५.२ आश्रित जनसंख्याको विवरण ५१
५.३ कृषि ५१
५.३.१ बाली उत्पादन ५४
५.३.२ कृषक समूहको विवरण ५४
५.३.३ कृषि बालीमा लाग्ने रोग ५५
५.३.४ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ५५
५.३.५ माछापालन सम्वन्धी विवरण ५६

५.३.६ कृषि बजारीकरण ५६
५.३.७ कृषि पकेट क्षेत्रको विवरण ५७
५.३.८ जग्गाको उर्वराशक्ति ५७
५.३.९ एग्रोभेट सम्बन्धी विवरण ५७
५.३.१० मलखाद बिक्रेताहरूको विवरण ५८
५.३.११ कृषि सहकारी संस्थाहरूको विवरण ५८
**५.४ सिंचाइ ५९**
५.४.१ भूमिगत सिचाई ५९
**५.५ पशुपालन ५९**
५.५.१ पशु नश्ल ६०
५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरू ६०
५.५.३ गाउँपालिकामा दुग्ध बजारीकरण ६१
५.५.४ मासु बजारीकरण ६१
५.५.५ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरू ६२
५.५.६ व्यवसायको बितरण ६२
**५.७ अन्य आर्थिक विकासका सम्भावनाहरू ६२**
**५.८ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टीकरण ६३**
**५.९ सहकारी संस्थाको विवरण ६४**
**५.१० संघ संस्था तथा विभिन्न समुहहरू ६५**
**खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार ६६**
**६.१ सडक सम्बन्धी विवरण ६६**
६.१.१ बिद्यमान सडक सञ्जाल ६७
६.१.२ यातायात सेवा ६७
**६.२ विद्युत तथा बैकल्पिक उर्जा ६८**
६.२.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ६८
६.२.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ६९
**६.२ संचार ७०**
६.२.१ हुलाक सेवा ७०
६.२.२ टेलिफोन/मोबाइल ७०
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ७१**
**७.१ शिक्षा ७१**
७.१.१ साक्षरताको अवस्था ७१
७.१.२ शैक्षिक जनशक्तिको विवरण ७२
७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण ७३

७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ७४
७.१.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ७५
७.१.६ बाल विकास केन्द्र ७५
७.१.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ७६
**७.२ स्वास्थ्य ७७**
७.२.१ गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरू ७७
७.२.२ महिला स्वास्थ्य स्वयंसेविकाहरू ७८
७.२.३ सुँडेनी ७८
७.२.४ परिवार नियोजन ७८
७.२.५ गाउँघर क्लिनिक र नियमित खोप ७९
७.२.६ एच. आई. भी./एडसको अवस्था ८०
७.२.७ सुरक्षित मातृत्वको अवस्थाको विवरण ८०
७.२.८ खोपको विवरण ८१
७.२.९ बाल्यकालमा हुने रोगका जोखिम ८२
७.२.१० शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ८२
७.२.११ बालपोषण सम्बन्धी विवरण ८३
**७.३ खेलकुद तथा मनोरञ्जन ८३**
**७.४ अपाङ्गताको विवरण ८४**
**७.५ बालश्रमको अवस्था ८५**
**७.६ खानेपानी तथा सरसफाई ८५**
७.६.१ खानेपानीको विवरण ८५
७.६.२ वडागत चर्पीको विवरण ८६
**७.७ सामाजिक सुरक्षा भत्ता ८७**
**खण्ड ८ : वन तथा वातावरण ८८**
**८.१ प्राकृतिक वन तथा वनस्पती ८८**
**८.२ जैविक विविधता सम्वन्धी विवरण ८८**
**८.३ लघु वन पैदावार ९०**
**८.४ गाउँपालिकामा पाईने वन्यजन्तु ९०**
(क) वन्यजन्तु ९०
(ख) चराचुरुङ्गी ९०
(ग) घिस्रने जिवजन्तुहरू ९१
(घ) जलचर तथा उभयचर जीवहरू ९१
(ङ) कीरा फट्याङ्ग्राहरू ९१
(च) फूलका प्रजातिहरू ९१

**८.५ वनजंगल** ९१

८.५.१ सामुदायिक वन ९२

८.५.२ धार्मिक वन ९४

८.५.३ सरकारद्वारा व्यवस्थित वन ९४

८.५.४ निजी वन ९४

**८.६ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था** ९४

**८.७ वनपैदावरको माग र आपूर्ति** ९४

**८.८ जडिबुटीसम्बन्धी विवरण** ९५

**८.९ वन पैदावरमा आधारित उद्योगहरूको विवरण** ९५

**८.१० वन संरक्षणका कार्यहरू र चाल्नु पर्ने कदम** ९५

**८.११ अतिक्रमण हटाई व्यवस्थापन** ९६

**खण्ड ९ : विकास सूचाङ्क र गरिबीको स्थिति** ९७

**९.१ मानव विकास सूचकको विवरण (HDI)** ९७

**९.२ मानव गरिवी सूचाङ्क (Human Poverty Index)** ९७

**९.३ मानव विकास र गरिवी** ९८

**९.४ गरिवी न्यूनीकरण** ९८

**९.५ समग्र विकास स्थिति** १००

# तालिका सूची


तालिका नं. १ : छत्रेश्वरी गाउँपालिकाको बनावट ........ ३
तालिका नं. २ : छत्रेश्वरी गाउँपालिकाको मतदाता नामावली ........ ७
तालिका नं. ३ : तापक्रमको विवरण ........ १२
तालिका नं. ४ : गाउँपालिकाको प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रहरू ........ १३
तालिका नं. ५ : मुख्य व्यापारिक केन्द्र ........ १९
तालिका नं. ६ : जनसंख्याको विवरण ........ २२
तालिका नं. ७ : लिङ्गअनुसार वडागत जनसंख्याको विवरण ........ २३
तालिका नं. ८ : उमेर समूहअनुसार जनसंख्याको विवरण ........ २७
तालिका नं. ९ : घरमुलीको लैङ्गिक विवरण ........ २८
तालिका नं. १० : पहिलो विवाह गर्दाको उमेरको विवरण ........ ३०
तालिका नं. ११ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति.. ३१
तालिका नं. १२ : मातृभाषाअनुसार जनसंख्या विवरण ........ ३२
तालिका नं. १३ : जातजाती समुहको जनसंख्याको विवरण ........ ३३
तालिका नं. १४ : धर्मअनुसार जनसंख्याको विवरण ........ ३५
तालिका नं. १५ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ........ ३५
तालिका नं. १६ : घरमा महिलाको स्वामित्वको विवरण ........ ३६
तालिका नं. १७ : जमिनमा महिलाको स्वामित्वको विवरण ........ ३७
तालिका नं. १८ : जगको आधारमा घरको बनोटको विवरण ........ ३८
तालिका नं. १९ : बाहिरी गारोका आधारमा घरको विवरण ........ ३९
तालिका नं. २० : छानाको आधारमा घरको विवरण ........ ४०
तालिका नं. २१ : २०७३ सालको व्यक्तिगत घटना दर्ताको विवरण ........ ४१
तालिका नं. २२ : भूआवरणको बितरण ........ ४३
तालिका नं. २३ : सार्वजनिक जग्गाको विवरण ........ ४५
तालिका नं. २४ : गाउँमा हुन सक्ने संभावित प्रकोपको विवरण ........ ५०
तालिका नं. २५ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ........ ५१
तालिका नं. २६ : आश्रित जनसंख्याको विवरण ........ ५१
तालिका नं. २७ : जिल्ला कृषक समूहको विवरण ........ ५४
तालिका नं. २८ : विभिन्न बालीमा लाग्ने रोग विवरण ........ ५५
तालिका नं. २९ : कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण ........ ५५
तालिका नं. ३० : माछापालन सम्वन्धी विवरण ........ ५६
तालिका नं. ३१ : बाली पात्रो ........ ५६
तालिका नं. ३२ : बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र) ........ ५७
तालिका नं. ३३ : कृषि पकेट क्षेत्रको विवरण ........ ५७
तालिका नं. ३४ : एग्रोभेट सम्बन्धि विवरण ........ ५८

तालिका नं. ३५ : मलखाद बिक्रेताहरूको विवरण ....................................................... ५८
तालिका नं. ३६ : कृषि सहकारी संस्थाहरूको विवरण ................................................ ५८
तालिका नं. ३७ : छत्रेश्वरी गाउँपालिकामा सिंचाई स्थिति.............................................. ५९
तालिका नं. ३८ : पशुविकास सम्बन्धी पकेट क्षेत्रहरू ................................................ ६०
तालिका नं. ३९ : सहकारी संस्थाको विवरण ............................................................ ६४
तालिका नं. ४० : बिद्यमान सडक सञ्जाल ............................................................... ६७
तालिका नं. ४१ : वडाहरूको गाउँपालिका केन्द्रसम्म दुरी.............................................. ६८
तालिका नं. ४२ : वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण.......................... ६८
तालिका नं. ४३ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ....................................... ६९
तालिका नं. ४४ : गाउँपालिकामा हुलाक सेवाको उपलब्धता ............................................. ७०
तालिका नं. ४५ : वडागत साक्षरताको विवरण............................................................ ७१
तालिका नं. ४६ : शैक्षिक जनशक्तिको विवरण ........................................................... ७२
तालिका नं. ४७ : विषयगत शैक्षिक जनशक्तिको विवरण................................................. ७३
तालिका नं. ४८ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण.................. ७४
तालिका नं. ४९ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण.................................. ७५
तालिका नं. ५० : विद्यालय तथा बालविकास केन्द्र संख्या............................................. ७५
तालिका नं. ५१ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण ................................ ७७
तालिका नं. ५२ : परिवार नियोजनको अस्थायी विधि .................................................... ७९
तालिका नं. ५३ : गाउँपालिकामा सञ्चालन हुने गाउँघर क्लिनिक संख्या ............................ ७९
तालिका नं. ५४ : सुरक्षित मातृत्वको विवरण............................................................. ८१
तालिका नं. ५५ : दादुरा रुबेला रोग बिरुद्ध खोप अभियानको प्रगती विवरण ........................ ८१
तालिका नं. ५६ : र्इन्सेफलार्इटिस रोग विरुद्ध खोप अभियानको प्रगती विवरण........................ ८२
तालिका नं. ५७ : १ वर्ष मुनिका खोप लगाइएको बालबालिकाको विवरण ............................. ८२
तालिका नं. ५८ : खेलमैदानको विवरण .................................................................... ८३
तालिका नं. ५९ : अपाङ्गताको विवरण ..................................................................... ८४
तालिका नं. ६० : खानेपानीको विवरण..................................................................... ८५
तालिका नं. ६१ : गा.वि.स.अनुसार शौचालय संख्याको विवरण....................................... ८६
तालिका नं. ६२ : आ.व.२०७३/७४ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण ................ ८७
तालिका नं. ६३ : किसान तथा वन समुह मार्फत वृक्षारोपण र संरक्षण कार्यत्रम अन्तर्गत वृक्षारोपण कार्यक्रमको विवरण.................................................................. ९२
तालिका नं. ६४ : आ.व. ०७२/०७३ सम्म उपभोक्ता समूहमा हस्तान्तरण भएको सामुदायिक वनको विवरण........................................................................................ ९३
तालिका नं. ६५ : मुद्दा दायरी विवरण ..................................................................... ९५
तालिका नं. ६६ : मानव विकास सुचाङ्कको विवरण (HDI) ........................................... ९७
तालिका नं. ६७ : गरिवीको दरको विवरण ................................................................ ९८
तालिका नं. ६८ : गरिविनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ .......................... ९८

# नक्सा सूची


**नक्सा नं १:** छत्रेश्वरी गाउँपालिकाको साविकका वडाहरू ........ ४
**नक्सा नं २:** छत्रेश्वरी गाउँपालिकाको वडागत विभाजन ........ ५
**नक्सा नं ३:** छत्रेश्वरी गाउँपालिकाको क्षेत्रफल विभाजन ........ ६
**नक्सा नं ४:** छत्रेश्वरी गाउँपालिकाको जनसंख्या विवरण ........ २४
**नक्सा नं ५:** छत्रेश्वरी गाउँपालिकाको वडागत घरधुरी विवरण ........ २५
**नक्सा नं ६:** छत्रेश्वरी गाउँपालिकाको लैङ्गिक जनसंख्या विवरण ........ २६
**नक्सा नं ७:** छत्रेश्वरी गाउँपालिकाको भू-उपयोग विवरण ........ ४४
**नक्सा नं ८:** छत्रेश्वरी गाउँपालिकामा रहेको सडक सञ्जाल ........ ६६

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दीगो र योजनाबद्ध विकासलाई अगाडी बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ। वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्य हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ। कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ।

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन बमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। दशौं पञ्चवर्षीय योजना (२०७२-२०७७) ले गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र तीन वर्षीय अन्तरिम योजना (२०७२/७३-२०७६/७७) ले पनि विकास योजना सम्बन्धमा गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्।

क) गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्र भित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने।

घ) गाउँपालिकाभित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिकाक्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने।

ञ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आ-आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि सम्बन्धित ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ। विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले छत्रेश्वरी गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउँपालिकाहरूलाई दिँदै आएको अनुदानहरूमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरूको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ। ती सूचकहरू मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ। यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्यांकहरू समावेश गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको छ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिकाको पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ। जिल्ला एवं गाउँपालिका क्षेत्रभित्रका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरू, सम्बन्धित गाउँपालिकाबाट प्राप्त तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले छत्रेश्वरी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधिले यस अध्ययनलाई केही सीमिततामा बाँधिएको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : छत्रेश्वरी गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

छत्रेश्वरी गाउँपालिका ६ नं. प्रदेश अन्तर्गत सल्यान जिल्लाको साबिकका ४ ओटा गा.वि.स.हरू क्रमश: दमाचौर, कोर्बाङझिम्पे, लेखपोखरा र छायाँछेत्र मिलेर बनेको हो। यस गाउँपालिकाको क्षेत्रफल १५०.६९ वर्ग किलो मिटर रहेको छ। गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्तरमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कपुरकोट गाउँपालिका पर्दछन्। नेपालको मानचित्रमा छत्रेश्वरी गाउँपालिकाको भौगोलिक अवस्थिति २८° १६' देखि २८°२६' उत्तरी आक्षांश र ८२°१२' देखि ८२° २२' पूर्वी देशान्तरसम्म फैलिएको छ। यो गाउँपालिका समुद्री सतहबाट ८३९ मिटरदेखि २८०० मिटरसम्मको उचाइमा अवस्थित रहेको छ।

यस गाउँपालिकाको नामाकरण छत्रेश्वरी रहनुमा साविकको छाँयाक्षेत्र गा.वि.स.मा रहेको छायाँक्षेत्र स्थित प्रख्यात छत्रेश्वरी देवीको मन्दिरको नामबाट कायम भएको हो। यो मन्दिर सल्यान जिल्लामाा मात्र नभई देशै भर प्रख्यात छ। जसको बारेमा श्री स्वस्थानी व्रतकथामा समेत उल्लेख गरिएको पाइन्छ।

तालिका नं. १ : छत्रेश्वरी गाउँपालिकाको बनावट

| समावेश भएका साविक गा.वि.स./न.पा.हरू | साविक वडा नं. | कायम भएको वडा |
|---|---|---|
| दमाचौर | १-४ | १ |
| दमाचौर | ५-९ | २ |
| कोर्बाङझिम्पे | १-३,९ | ३ |
| कोर्बाङझिम्पे | ४-८ | ४ |
| लेखपोखरा | १-९ | ५ |
| छायाँछेत्र | १,८,९ | ६ |
| छायाँछेत्र | २-७ | ७ |

यस गाउँपालिकाको स्थापना २०७३ साल फागुन २२ गते भएको हो। यस गाउँपालिकामा २ वटा उच्च मा.वि, ७ वटा मा.वि., ६ वटा निमावि र २८ वटा प्रावि (सामुदायिक र संस्थागत) गरी जम्मा ४३ वटा शिक्षण संस्थाहरू संचालनमा रहेका छन्। सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा सम्भावना बोकेको गाउँपालिकाको रुपमा छत्रेश्वरी गाउँपालिकाका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत यो गाउँपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। वि.सं. २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २१,४५२ रहेको छ जसमध्ये महिलाको जनसंख्या ११,६९० (५४.४९ प्रतिशत) र पुरुषको जनसंख्या ९,७६२ (४५.५१ प्रतिशत) रहेको छ। २०६८ को जनगणना अनुसार यस गाउँपालिकामा सबैभन्दा बढी क्षेत्री जाति ११,१७० जना (५२.०७%), दोस्रोमा मगर ३,२१९ (१५.०१%) र तेस्रोमा कामी २,५८९ (१२.०७%) हरूको बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने अर्को आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो।




**नक्सा १:** छत्रेश्वरी गाउँपालिकाको साविकका वडाहरू




**नक्सा २:** छत्रेश्वरी गाउँपालिकाको वडागत विभाजन




नक्सा ३: छत्रेश्वरी गाउँपालिकाको क्षेत्रफल विभाजन

परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ। यस गाउँपालिकामा आधारभूत देखि उच्च माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था उल्लेख्य मात्रामा रहेका छन् भने उच्च शिक्षा विकासको लागि नयाँ शिक्षा नीति ल्याउनुपर्ने देखिन्छ। अधिकांश घरमा बती बाल्न तथा टेलिभिजन हेर्न सोलार, मट्टितेल तथ विजुली प्रयोग भएको छ भने केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय तथा सोलार उपभोगको पहुँचमा पुग्न सकिरहेका छैन साथै वडा नं ३ कोर्वाङ्गझिम्पे, वडा नं ५ लेखपोखरा लगायतका केही स्थानहरूमा बिजुली बत्ती पुगेको पाईंदैन। स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ गतेको निर्णय अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका गा.वि.स./न.पा. दमाचौर, कोर्बाङझिम्पे, लेखपोखरा र छायाँछेत्र गाभेर जम्मा ७ वडाहरू कायम गरी छत्रेश्वरी गाउँपालिकाको स्थापना गरिएको हो।

तालिका नं. २ : छत्रेश्वरी गाउँपालिकाको मतदाता नामावली

| सि.नं. | मतदान केन्द्र, ठेगाना | वडा नं | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | भानुभक्त मा.वि., दमाचौर | १ | ८८० | ७८९ | १६६९ |
| २ | आधारभूत विद्यालय , दहखोला | २ | ८७९ | ८४३ | १७२२ |
| ३ | जानकी मा.वि., दोहोली | ३ | ८२५ | ८९८ | १७२३ |
| ४ | कृष्ण मा.वि.,पोखरीडाडा | ४ | ३०० | ३१८ | ६१८ |
| ५ | लक्ष्मी मा.वि., जयचौर | ४ | ५४० | ४७९ | १०१९ |
| ६ | महेन्द्र मा.वि., लेखपाखानी | ५ | ६२१ | ६८५ | १३०६ |
| ७ | त्रिभुवन जनता मा.वि., चोरपानी | ५ | ४३९ | ४३६ | ८७५ |
| ८ | त्रिभुवन जनता मा.वि., भोटेचौर | ६ | ७२५ | ८०४ | १५२९ |
| ९ | शारदा प्रा.वि., बाहुनगाउँ | ७ | ९४४ | १०१९ | १९६३ |
| | जम्मा | | ६१५३ | ६२७१ | १२,४२४ |
| | प्रतिशत | | ४९.५२ | ५०.४८ | |

*श्रोत: निर्वाचन ओयोग, २०७४*

यस छत्रेश्वरी गाउँपालिकाको मतदाता नामावली तालिकामा उल्लेख गरिएको छ। तालिकामा देखाइए अनुसार हाल छत्रेश्वरी गाउँपालिकामा जम्मा १२,४२४ मतदाता छन् जसमध्ये पुरुष ६,१५३ (४९.५२ प्रतिशत) जना र महिला ६,२७१ (५०.४८ प्रतिशत) जना छन्।

## २.३ भौगोलिक अवस्थिति

सल्यान जिल्लामा अवस्थित यस छत्रेश्वरी गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले मध्यपहाडी क्षेत्रमा पर्दछ। नेपालको मानचित्रमा छत्रेश्वरी गाउँपालिकाको अवस्थिति २८° १६' देखि २८°२६' उत्तरी आक्षांश र ८२°१२' देखि ८२° २२' सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ। यो गाउँपालिका समुद्री सतहबाट ८३९ मिटरदेखि २८०० मिटरसम्मको उचाइमा अवस्थित रहेको छ।

## २.४ माटोको वनावट र उर्वराशक्ति

समाज विकासको क्रममा यसको आर्थिक तथा साँस्कृतिक पक्षलाई उजागर गर्न माटोले उल्लेखनीय भूमिका खेलको पाइन्छ। त्यसमा पनि नेपाल र सल्यान जिल्ला जहाँको बहुसंख्यक जनभार कृषि पेशामा आश्रित छ। यहाँ माटो सर्वदा पूज्य र उल्लेख्य छ। तथापि यहाँ माटोको बारेमा कुनै ठोस रुपमा सुक्ष्म रुपमा सम्भाव्यता अध्ययन गरिएको पाईँदैन। यस गाउँपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको आधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ। यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरूमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ। गाउँपालिकाको दक्षिणी भाग महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलौटे तथा खिईने खालको ढुङ्गाहरूको बढी मात्रामा वर्चश्व रहेको देखिन्छ जसमा उब्जाउको सम्भावना ज्यादै न्यून रहेको पाइन्छ। यसका अलावा, जिल्लाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stone को मात्रा अत्यधिक रहेको छ। यसमा समेत उत्पादनको सम्भावना न्युन रहन्छ। तथापि पहाडी टार तथा नदी, वेसीहरू उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन्।

समग्र देशको नमूना अध्ययनका आधारमा यस गाउँपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ।

### क) पँगो माटो

यहाँका नदी बेसीहरूमा पाँगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ। नदीहरूले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरू अत्याधिक उब्जाउयोग्य रहेका छन्। तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लियता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ। लगातार भू-क्षय तथा वन विनासका कारण नदीहरूले चून ढुङ्गा, बलौटे, गेग्र्यानयुक्त पदार्थहरू निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ।

### ख) बलौटे माटो

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो। यो उब्जाउको दृष्टिकोणले न्युन कोटीको मानिन्छ। विशेष गरी गाउँपालिकाको पहाडी भागहरूमा यो माटोको बाहुल्यता छ। अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ। यहाँ सिंचाइको समेत अभाव रहेको छ। यहाँको माटोको बनावटमा ढुङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ। उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहूँ, मास, मकै तथा मध्य पहाडी भागतिर मकै, दलहन एवं उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ।

## २.५ भिरालोपन

### क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परामपरागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### ख) Slope 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ

यस वर्गको जमिनमा पहिरो जवाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रबृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रबृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि

हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमीका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रबृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**ग) Slope = $30^o$–$40^o$ माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिदैन। यस प्रकारको जनिमनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठुलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रबृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावर उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि बाटोका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

घ) Slope > 40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गन असम्भवन नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

## २.५ भू-बनावट

यस गाउँपालिकालाई भू-बनावटको आधारमा तीन भागमा बाडिएको छ।

- ✓ **उच्च पहाडी क्षेत्र:** १०० मि. देखि २८०० मिटर सम्मको उचाई रहेको भू-भागमा कडा चट्टान तथा कठीन धरातलीय स्वरुप भएका कारण तथा मानिसहरूको वसोवास कम रहेको छ।
- ✓ **सिवालिक क्षेत्र:** सुमन्द्री सतहबाट १००० मि. देखि १०० मि. सम्मको भू-भागहरू यस क्षेत्र भित्र पर्दछ। जिल्लाको अधिकांश भू-भागहरू यस क्षेत्रमा परेको र यहाँको भू बनोट पत्रे चट्टान एवं माटो ढूंगाको समिश्रण बाट भएकोले मानिसहरूको वसोवास यस क्षेत्रमा ज्यादा रहेको छ।
- ✓ **नदीले बनाएको भूभाग र वेसी क्षेत्र:** नदी किनार र पहाडको फेदमा रहेको भू-भाग यस क्षेत्र अन्तर्गत पर्दछ।

## २.६ हावापानी

यस गाउँपालिकामा भू धरातलीय स्वरुपमा विविधता रहेकाले उचाई अनुसार हावापानीमा पनि विविधता पाइन्छ। नदी खोलाको किनारमा उष्ण हावापानी पाइन्छ भने अन्य भूभागमा ठण्डा समशितोष्ण हावापानी पाइन्छ। यस गाउँपालिकामा न्युनतम २ डिग्री सेल्सीयस देखि अधिकतम ३८ डिग्री सेल्सीयससम्म तापक्रम पाइन्छ।

तालिका नं. ३ : तापक्रमको विवरण

| क्र.सं. | महिना | औसत अधिकतम तापक्रम(डिग्री सेल्सियस | औसत न्युनतम तापक्रम(डिग्री सेल्सियस | कुल वर्षा (मिली लिटर) |
|---|---|---|---|---|
| १ | बैशाख | ३७.० | १४.० | ३४.० |
| २ | जेष्ठ | ३८.२ | १५.२ | ५९.६ |
| ३ | आषाढ | ३१.२ | १४.० | २९४.४ |
| ४ | श्रावण | ३०.० | १८.० | ५२२.१ |
| ५ | भाद्र | ३०.२ | १४.० | ८५.० |
| ६ | असोज | ३२.० | ११.२ | ६०.० |
| ७ | कार्तिक | २१.० | ७.० | ०.० |
| ८ | मंसिर | २८.० | २.२ | ४४.० |
| ९ | पौष | २५.४ | २.२ | ३३.८ |
| १० | माघ | २६.४ | ३.२ | ८.४ |
| ११ | फाल्गुण | ३२.० | ७.० | १९.६ |
| १२ | चैत्र | ३२.२ | ११.० | फाटफूट |

*श्रोत: जल तथा मौसम विज्ञान विभाग, काठमाडौं २०७३*



## २.७ मुख्य नदी, ताल तलैया तथा सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस छत्रेश्वरी गाउँपालिकाको वडा नं. ६ र ७ भएर बग्ने शारदा नदी, वडा नं. ४ र वडा नं. ३ दारिमज्यूला भएर शंखमुलमा आई शारदामा मिसिने लंकिनी खोला, वडा नं. ६ बाट शुरु हुने सांघार खोला, वडा नं. १ भएर बग्ने दहखोला यस भेगमा सिंचाई तथा खानेपानीका प्रयोग भएको देखिन्छ ।



शारदा नदी

तालिका नं. ४ : गाउँपालिकाको प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रहरू

| सि.नं. | उपजलधार क्षेत्रको नाम | साबिकका गा.वि.स |
|---|---|---|
| 1 | लोअर लुहाम खोला | छाँयाक्षेत्र, |
| 2 | मिडल शारदा खोला | छाँयाक्षेत्र, |
| 3 | अरिङ्गाले खोला | कोर्बाङ्गझिम्पे |
| 4 | ओटा खोला | कोर्बाङ्गझिम्पे |
| 5 | अपर शारदा खोला | दमाचौर |
| 6 | माथिल्लो शारदा खोला | दमाचौर |
| 7 | मोखला खोला | लेखपोखरा, दमाचौर, कोर्बाङ्गझिम्पे |
| 8 | लोअर शारदा खोला | छाँयाक्षेत्र |

*श्रोत:जिल्ला समन्वय समिति, सल्यान २०७३*

## २.८ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरीपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधिकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बाहुल्य रहेको छ भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्।

### (क) छत्रेश्वरी मन्दिर

सल्यान जिल्लाको सदरमुकाम खलंगादेखि दक्षिणतर्फ करिव १५ कि.मि. टाढा गरिज्यूलाको समथर फाँट र पवित्र शारदा नदीको पूर्वी भागमा १३०० मिटर उचाईको थुम्कोमा करिब ५० रोपनी क्षेत्रफलमा फैलिएको छायाँक्षेत्रमा क्षत्रेश्वरी मन्दिर अवस्थित छ। शिखर शैलीमा रहेको यस मन्दिर वि.सं. १९९० को दशकमा शिव मन्दिरको रुपमा स्थापित भएको थियो। मन्दिर जीर्ण बन्दै गएपछि वि.सं. २०३७ सालमा नागाबाबाले मन्दिरको जीर्णोद्धार गरेका थिए। यस मन्दिरले सल्यान जिल्लाको सांस्कृतिक र धार्मिक गौरवगाथा बोकेको छ। श्री स्वास्थानी व्रतकथामा उल्लेख भए अनुसार सत्य युगमा महादेवले सतीदेवीको मृत शरीर बोकेर विश्व भ्रमण गर्दा सतीदेवीको अन्तिम अङ्ग यही छायाँक्षेत्रमा पतन भएर छत्रेश्वरी देवी, सुकमोला योगिनी, पिशाचेश्वर महादेव प्रकट हुनु भएको कथा छ। छायाँक्षेत्र धार्मिक पर्यटनको लागि गन्तव्य स्थान हो। नेपालका सबै शक्ति पीठहरूमध्ये बली नचढाइने एकमात्र शक्ति पीठ हो सल्यान छाँयाक्षेत्रको क्षत्रेश्वरी देवी मन्दिर। यहाँ सर्वप्रथम अष्ठभैरबले पूजा आराधना गरेकाले कुनै पनि अवसरमा बली नचढाइने गरेको कथन पाइन्छ।



छत्रेश्वरी देवीको मन्दिर



नागाबाबा प्रेम गिरी महाराजको समाधिस्थल




नागाबाबा



पिचाशेश्वर महादेवको मन्दिर



छायाँ शिला

छत्रेश्वरी मन्दिर परिसर उत्तरतर्फ एउटा ठूलो शिला छ, जहाँ सतीदेवीको सम्पूर्ण अङ्ग पतन भएको थियो। अङ्गपतन भएको शिलामा आँखाले अवलोकन गरे सल्लानको गाउँवस्ती देख्न सकिन्छ। यस मन्दिर क्षेत्रमा सानो छाप्रा रहेको स्थानमा पहिले सरयु बाबा बस्ने गर्नु हुन्थ्यो। त्यसपछि त्यहाँ विस्तारै धार्मिक सत्संग गर्ने परम्पराको शुरुवात भयो। यस स्थानको महिमा वढ्दै गए पछि भारतको गुजरातबाट नागाबाबा प्रेग गिरी महाराज आउनुभयो। वहाँले यस छायाँक्षेत्रका भक्तजनहरूमा आध्यात्मिक ज्ञानको ज्योति छर्नुभयो। द्वन्द्वकालको करिव १२ वर्ष नागाबाबा भारत जानुभएको थियो। पछि फर्केर यही पुण्य भूमीमा आई वि.सं. २०६६/०३/१७ मा ब्रम्हलीन हुनुभयो र वहाँको ईच्छा अनुसार यहीँ समाधिस्त गरियो। यस तपोवनमा महाशिवरात्रीका दिन ठूलो मेला लाग्दछ। यस दिन मनले चिताएको फल प्राप्त गर्न टाढा-टाढाबाट भक्तजनहरू आई शंखमुलमा स्नान गरी छत्रेश्वरी भगवतीको पूजा अचर्ना गर्दछन्। छत्रेश्वरी पयर्टन विकास सिमितको पहलमा २०६६ सालमा श्रीमद्भगवत महायज्ञ सम्पन्न गरी भक्तजनहरूबाट प्राप्त दान रकमले मन्दिर परिसरको पुन:निर्माण, मन्दिर जाने सडकको स्तरोन्नती एवं निर्माणको साथै पार्किङ र पिकनिक स्पट, विजुली र खानेपानीको व्यवस्था लगायतका कार्यहरू भईरहेका छन्।

## २.९ पार्क तथा खुला क्षेत्र

गाउँपालिकाको विभिन्न स्थानहरूमा सानातिना पार्क, फुटबल तथा भलिबल मैदान आदि रहेतापनि गाउँपालिका क्षेत्रभित्र हालसम्म घोषितरुपमा ठूला पार्क तथा खुला क्षेत्रहरू रहेको देखिँदैन। गाउँपालिकाले यहाँ रहेका जंगल सहितका सार्वजनिक टापुहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गरेर पार्क तथा खुला स्थानको पहिचान, प्रवर्द्धन र संरक्षण गर्नु पर्ने देखिन्छ र त्यस्ता स्थानहरूको यहाँ प्रशस्त सम्भावना छ। गाउँपालिकाको भू-उपयोग नक्साका आधारमा त्यस्ता स्थानहरू प्राय सबै वडामा देखिन्छन्। हरेक वडामा वडा नागरिक भेला गराई तिनीहरूको आवश्यक कार्यगत योजना गाउँपालिकाले गर्न सक्ने सम्भावना देखिन्छ।

## २.१० मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण

नेपालका अन्य ठाउँका बासिन्दाहरूको जस्तै यहाँका बासिन्दाहरूको पनि आ-आफ्नो किसिमको संस्कृति र रहनसहन रहेको पाइन्छ । उनीहरू आ-आफ्ना जाति विशेषका चाडपर्वका अतिरिक्त राष्ट्रिय चाडपर्वहरू पनि मान्ने गर्दछन् ।

परम्परागत रूपमा मानिने चाडपर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, हरिवोधनी एकादशी, रक्षाबन्धन, गाईजात्रा, फागुपूर्णिमा मनाउने गर्दछन् । दशैं, तिहार, शिवरात्र, गुरु पूर्णिमा, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, हरिवोधनी एकादशी जस्ता प्रमुख चाँडहरूमा यहाँका मठ मन्दिरहरूमा धेरै नै मेला लाग्ने गर्छन् ।

## २.११ खनिजश्रोत

- ✓ **कोइला:** महाभारत पर्वत श्रृंखला अन्तर्गत पाईने कोईला छत्रेश्वरी गाउँपालिकाको प्रमुख खनिज पदार्थको रुपमा रहेको छ । गाउँपालिकाको दक्षिणक्षेत्रमा कोईला भएको अनुमान गरिएको छ । भौगोलिक विकटताले यहाँको कोईला उत्खनन तथा प्रयोग भने भएको छैन ।
- ✓ **चुनढुङ्गा** :पत्रे चट्टान र नरम खालकोचट्टान भएको ठाउँमा पाईने चुन ढुङ्गा गाउँपालिकाको विभिन्न भागमा पाईन्छ । यसको उत्खनन र प्रयोग त्यति नभएकाले यसको महत्व पनि यहाँ त्यति भएको पाइँदैन । विशेष गरि कजेरी लेकमा पाईएको चुनढुङ्गा सिमेन्ट उत्पादनको लागि उत्तम चुन ढुङ्गा मानिन्छ ।



वडा नं. ६ स्थित चुनढुङ्गा खानी क्षेत्र

- ✓ **खानीढुङ्गा :**प्राय घर छाउने कार्यमा प्रयोग हुने खानीढुङ्गा गाउँपालिकाको विभिन्न ठाउँमा पाइएको छ। मानिसहरूले घर तथा गोठको निर्माण गर्दा एवं छानो छाउँदा त्यस्ता प्रकारका ढुङ्गाहरूको ब्यापक प्रयोग गर्ने गरेको पाइन्छ भने अन्य खानीहरूमा तामा खानी, शिसा खानी पनि यस गाउँपालिकामा रहेको पाईन्छ।
- ✓ **बालुवा तथा गिटी खानी :** शारदा नदीको आसपासमा बालुवा तथा गिटी खानी रहेको छ। वडा नं. ६ का विभिन्न ठाउँमा शारदा नदीको किनारमा बालुवा खानी छ र सोही क्षेत्रमा हालपनि बालुवा, रोडा तथा ढुङ्गा, गिटी उत्खनन एवं संकलन गर्ने कार्य भएको पाइन्छ।


वडा नं. ६ स्थिति शारदा नदी किनारको बालुवा खानी


वडा नं. ६ शंखमुलस्थित ढुङ्गा खानी

## २.१२ मुख्य व्यापारिक केन्द्र

छत्रेश्वरी गाउँपालिकाका पाखोपानी, जामुनेखोला, लान्ती बजार, शंखमुल आदि महत्वपूर्ण व्यापारिक महत्वका स्थानहरू हुन् जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५ : मुख्य व्यापारिक केन्द्र

| क्र.सं. | व्यापारिक केन्द्र | बजारको प्रकृति | ठेगाना |
|---|---|---|---|
| १ | पाखोपानी, महानेटा | स्थानीय बजार | लेखपोखरा |
| २ | जामुनेखोला | स्थानीय बजार | दमाचौर |
| ३ | लान्ती | स्थानीय बजार | भोटेचौर |
| ४ | शंखमुल | स्थानीय बजार | जयचौर |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

## २.१३ गाउँपालिकाको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि पकेट क्षेत्र विकास, पर्यटन प्रवर्द्धन तथा अन्य व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस छत्रेश्वरी गाउँपालिकाको विभिन्न क्षेत्रको अध्ययन गर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफूल, तरकारी, मसला तथा जडीबुटी एवं पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्य हुन गई कृषि उत्पादन र उत्पादकत्वमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा उक्त व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी अन्यत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने माछाले बजार लिने सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रुपमा छत्रेश्वरी मन्दिर, पिचाशेश्वर महादेवको मन्दिर आदि छन् भने वडा नं ५ लेखपोखरामा भ्यू टावर निर्माण गर्न सक्ने ठाउँ रहेको छ साथै अन्य ठाउँहरूमा उद्यान तथा बंगैचा एवं पार्कको विकास गर्न सक्ने ठाउँहरूको पर्याप्त सम्भावना रहेको छ। वास्तावमा यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सीपमूलक तालिम प्रदान गरी एकीकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त छत्रेश्वरी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ गाउँपालिका क्षेत्रभित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् सिंचाईको प्रवन्ध मिलाई व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी नाला कटिङ तथा कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले यातायात सेवाको भरपुर सुविधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ सल्यान जिल्लामा अवस्थित यस गाउँपालिका क्षेत्रमा सार्वजनकि साझेदारी मोडेल मार्फत उद्योग कल कारखाना विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल बनाई रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.१४ गाउँपालिकँको चुनौती तथा समस्याहरू

यस छत्रेश्वरी गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ गाउँपालिकाको क्षेत्रभित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना कमी हुनु ।
- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ झण्डै ३२१३ हेक्टर भूभाग कृषि क्षेत्र भए तापनि व्यवसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- ✓ साविक गाविसहरूमा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली, २०५६ वमोजिमको कर संकलन गर्न नसकिनु ।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि पर्याप्त बजेट तथा जनशक्तिको अभाव हुनु ।
- ✓ कृषियोग्य भूमि खण्डिकृत हुँदै प्रयोग बिहीन हुनु ।
- ✓ खेलकुद स्थान नहुनु ।
- ✓ यसका अलावा गाउँपालिका क्षेत्रमा नदी कटान, अनियन्त्रित ढुंगागिटी बालुवाको उत्खनन्, बनजंगल तथा वन्यजन्तुहरूको चोरी निकासीलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।

# खण्ड ३ : जनसंख्याको विवरण

## ३.१ जनसंख्याको विवरण

राष्ट्रिय जनगणना, २०६८ अनुसार छत्रेश्वरी गाउँपालिकाको जनसंख्या २१,४५२ जना रहेको छ जस मध्ये पुरुष ४५.५१ प्रतिशत (९,७६२ जना) र महिला ५४.४९ प्रतिशत (११,६९० जना) रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० पुरुषमा महिलाको संख्य ८३.५१ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) करिव १४२ जना प्रति वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ११,५७३ जना (५३.९५ प्रतिशत) १५ देखि ५९ वर्ष उमेर समूहका ८,५८१ जना (४० प्रतिशत) १४ वर्ष वा सो भन्दा कम उमेरका र १,२९८ जना (६.०५ प्रतिशत) ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार छत्रेश्वरी गाउँपालिकामा ४,४०८ घरपरिवार रहेका छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.८७ जना सदस्य रहेको देखिन्छ। गाउँपालिकाको साक्षरता दर ६८.९१ प्रतिशत रहेको छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये २.४१ प्रतिशत (५१८ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जस मध्ये २७९ जना (५३.८६ प्रतिशत) पुरुष र २३९ (४६.१४ प्रतिशत) जना महिला छन्। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। गाउँपालिकामा परिवारको आकार मध्यम देखिन्छ।

तालिका नं. ६ : जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| **जम्मा जनसंख्या** | २१,४५२ |
| **पुरुष** | ९,७६२ (४५.५१) |
| **महिला** | ११,६९० (५४.४९) |
| **लैंगिक दर** | ८३.५१ |
| **जम्मा घरधुरी** | ४,४०८ |
| **औषत परिवार आकार** | ४.८७ |
| **५ वर्ष र सोभन्दा माथिको साक्षरता दर** | ६८.९१ |
| **जनघनत्व (प्रतिवर्ग कि.मी.)** | १४२ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

## ३.२ लिङ्ग अनुसार वडागत जनसंख्याको विवरण

तालिका नं. ७ : लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १३.७३ | ५.१३ | ५४९ | २,८१६ | १३३३ | १४८३ | २०५.०९ |
| २ | २१.५८ | ५.१७ | ६२३ | ३,२२० | १५६१ | १६५९ | १४९.२१ |
| ३ | २१.६८ | ४.८२ | ६०७ | २,९२७ | १२७४ | १६५३ | १३५.०० |
| ४ | ३२.७१ | ५.२५ | ६२० | ३,२५६ | १४४५ | १८११ | ९९.५४१ |
| ५ | २७.७८ | ५.०० | ७०७ | ३,५३६ | १६३८ | १८९८ | १२७.२८ |
| ६ | १३.१७ | ४.२४ | ६३९ | २,७११ | १२०५ | १५०६ | २०५.८४ |
| ७ | २०.०४ | ४.५० | ६६३ | २,९८६ | १३०६ | १६८० | १४९.० |
| जम्मा | १५०.६९ | ४.८७ | ४,४०८ | २१,४५२ | ९,७६२ | ११,६९० | १४२.३५ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा ७ वटा वडाहरूको जनसंख्याको विवरण देखाइएको छ। जसमा महिलाको संख्या ५४.४९ प्रतिशत छ भने पुरुषको संख्या ४५.५१ प्रतिशत रहेको देखिन्छ। महिला र पुरुषको जम्मा जनसंख्या २१,४५२ रहेकोमा यसलाई लैङ्गिकको आधारमा छुट्याएर हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या ८.९९ प्रतिशतले बढी रहेको देखिन्छ। साथै वडागत रुपमा हेर्दा सबै भन्दा बढी जनसंख्या वडा नं. ५ मा ३,५३६ रहेको देखिन्छ भने सबै भन्दा कम वडा नं. ६ मा २,७११ रहेको छ। परिवारको संख्यालाई हेर्दा यस गाउँपालिकामा ४,४०८ घरपरिवार रहेकोमा पनि सबैभन्दा बढी वडा नं ५ मा नै ७०७ रहेको र सबै भन्दा कम वडा नं. १ मा ५४९ रहेको देखिन्छ। यसरी हेर्दा जनसंख्याको आधारमा घरधुरी संख्या पनि समानुपातिक नै रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।






**नक्सा ४:** छत्रेश्वरी गाउँपालिकाको जनसंख्या विवरण




नक्सा ५: छत्रेश्वरी गाउँपालिकाको वडागत घरधुरी विवरण




नक्सा ६: छत्रेश्वरी गाउँपालिकाको लैङ्गिक जनसंख्या विवरण

## ३.३ जनसंख्याको उमेरगत संरचना

तालिका नं. ८ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | ११८६ | १११५ | २,३०१ | १०.७३ | १.०६ |
| ५-९ | १४२९ | १४२६ | २,८५५ | १३.३१ | १.०० |
| १०-१४ | १७०४ | १७२१ | ३,४२५ | १५.९७ | ०.९९ |
| १५-१९ | ११११ | १४०८ | २,५१९ | ११.७४ | ०.७९ |
| २०-२४ | ६२० | ११३७ | १,७५७ | ८.१९ | ०.५५ |
| २५-२९ | ५१५ | ९४३ | १,४५८ | ६.८० | ०.५५ |
| ३०-३४ | ४५१ | ७८७ | १,२३८ | ५.७७ | ०.५७ |
| ३५-३९ | ४६६ | ६५५ | १,१२१ | ५.२३ | ०.७१ |
| ४०-४४ | ४५३ | ५६४ | १,०१७ | ४.७४ | ०.८० |
| ४५-४९ | ४१० | ४७३ | ८८३ | ४.१२ | ०.८७ |
| ५०-५४ | ४०९ | ४४६ | ८५५ | ३.९९ | ०.९२ |
| ५५-५९ | ३६२ | ३६३ | ७२५ | ३.३८ | १.०० |
| ६०-६४ | २७९ | ३०० | ५७९ | २.७० | ०.९३ |
| ६५-६९ | १८० | १७१ | ३५१ | १.६४ | १.०५ |
| ७०-७४ | ८६ | ८४ | १७० | ०.७९ | १.०२ |
| ७५-७९ | ६८ | ५८ | १२६ | ०.५९ | १.१७ |
| ८०-८४ | २१ | २६ | ४७ | ०.२२ | ०.८१ |
| ८५-८९ | ९ | ७ | १६ | ०.०७ | १.२९ |
| ९०-९४ | २ | ३ | ५ | ०.०२ | ०.६७ |
| ९५+ | १ | ३ | ४ | ०.०२ | ०.३३ |
| जम्मा | ९,७६२ | ११,६९० | २१,४५२ | १००.०० | ०.८४ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस तालिकामा २०६८ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको सर्वेक्षण अनुसार गाउँपालिकामा बसोबास गर्ने विभिन्न उमेर समूहका मानिसहरूको विवरण उल्लेख गरिएको छ। जसमा ०-१४ वर्ष उमेर समूहको संख्या ८,५८१ (४० प्रतिशत), १५-४५ वर्ष उमेर समूहको जनसंख्या ९,११० (४२.४७ प्रतिशत) रहेको देखिन्छ। यसैगरी काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या ११,५७३ (५३.९५ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ११,६९०(५४.४९ प्रतिशत) र पुरुषको जनसंख्या ९,७६२ (४५.५१ प्रतिशत) छ। यसप्रकार पुरुष र महिलाको जनसंख्याको अन्तर ८.९९ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,२९८ (६.०५ प्रतिशत) देखिएको छ। तथ्याङ्कले गाउँपालिका मानव स्रोत प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।




*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

## ३.४ घरमूलीको लैङ्गिक विवरण

तालिका नं. ९ : घरमुलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ४५२ | ४३९ | ४०८ | ४४० | ५१२ | ४११ | ४०७ | **३,०६९** | **६९.६२** |
| **महिला** | ९७ | १८४ | १९९ | १८० | १९५ | २२८ | २५६ | **१,३३९** | **३०.३८** |
| **जम्मा** | **५४९** | **६२३** | **६०७** | **६२०** | **७०७** | **६३९** | **६६३** | **४,४०८** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ४,४०८ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ६९.६२ प्रतिशत घरमा चाहिँ पुरुषहरू नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ३०.३८ प्रतिशत घरमा महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.५ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी बालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खीक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

## ३.६ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. १० : पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५ | १२५ | २१३४ | १४२३ | ३२१ | ७५ | ३२ | ७ | ५ | ३ | ४,१३० |
| महिला | १४ | ६५१ | ४४२७ | १००१ | ९४ | ३९ | ८ | ३ | ३ | १ | ६,२४१ |
| **जम्मा** | **१९** | **७७६** | **६,५६१** | **२,४२४** | **४१५** | **११४** | **४०** | **१०** | **८** | **४** | **१०,३७१** |
| **प्रतिशत** | ०.१८ | ७.४८ | ६३.२६ | २३.३७ | ४.०० | १.१० | ०.३९ | ०.१० | ०.०८ | ०.०४ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी ६,५६१ (६३.२६ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २,४२४ (२३.३७ प्रतिशत) देखिन्छ। १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ७७६ (७.४८ प्रतिशत) रहेको देखिन्छ। माथिको तालिकामा गाउँपालिकामा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह भएका व्यक्तिहरू पनि उल्लेख गरिएको छ जुन अहिले केहि हदसम्म निर्मूल भइसकेकोछ र यस्ता गलत सामाजिक केहि विकट ठाउँमा पनि भएकाले ती ठाउँमा यस्ता गलत परम्परा फेरि नदोहोर्याउन शिक्षा तथा जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ।



## ३.७ लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति

वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थलाई जनाउँछ । यस्ता अवस्थाहरूलाई आधार मानेर छत्रेश्वरी गाउँपालिकामा भएका जनसंख्याहरूमध्ये १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरूको बैवाहिक अवस्थालाई तलको तालिकाबाट प्रस्ट्याउने प्रयास गरिएको छ ।

तालिका नं. ११ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको लैङ्गिक आधारमा वडागत वैवाहिक स्थिति

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३,०२१ | ३,४१६ | १४० | ४२२ | १२३ | १६ | ९ | ७,१४७ |
| महिला | २,९१२ | ५,४९५ | ५७ | २८५ | ३७९ | ५ | १६ | ९,१४९ |
| **जम्मा** | **५,९३३** | **८,९११** | **१९७** | **७०७** | **५०२** | **२१** | **२५** | **१६,२९६** |
| **प्रतिशत** | **३६.४१** | **५४.६८** | **१.२१** | **४.३४** | **३.०८** | **०.१३** | **०.१५** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकालाई हेर्दा यस गाउँपालिकाका सम्पूर्ण १० वर्ष वा सो उमेर समुह भन्दा माथिको उमेर समुहमा गरिएको अध्ययन अनुसार जम्मा १६,२९६ व्यक्तिहरू मध्ये १०,३६३ (६३.५९ प्रतिशत) व्यक्तिहरू विबाहित र बाँकी ५,९३३ (३६.४१ प्रतिशत) अविवाहित छन् । विवाहित पुरुष भन्दा महिलाको संख्या २०.३७ प्रतिशतले बढी देखिएको छ । कुल संख्याको ८,९११ (५४.६८ प्रतिशत) एक विवाह गर्ने, बहु विवाह गर्ने १९७ (१.२१ प्रतिशत) र पुन: विवाह गर्ने ७०७ (४.३४ प्रतिशत) छन् । गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा २३.३३ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्नेमहिलाको संख्या भन्दा ४२.१३ प्रतिशतले बढी रहेको देखिन्छ। विवाह गरेर पनि सम्वन्ध विच्छेद गरेका थोरै २१ (०.१३ प्रतिशत) रहेको छ । विधुवा/विधुरको संख्या पनि कुल संख्याको ५०२ (३.०८) प्रतिशत र छुट्टिएका २५ (०.१५) प्रतिशत रहेका छन्। यो तथ्याङ्क पनि समग्र देशको राष्ट्रिय तथ्याङ्कसँग मेल खाएको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ३.८ मातृभाषाअनुसार जनसंख्या विवरण

तालिका नं. १२ : मातृभाषाअनुसार जनसंख्या विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २१,२१९ | ९८.९१ |
| २ | मगर | १०८ | ०.५० |
| ३ | उर्दु | ६४ | ०.३० |
| ४ | साङ्केतिक भाषा | २० | ०.०९ |
| ५ | मैथिली | ८ | ०.०४ |
| ६ | भोजपुरी | ६ | ०.०३ |
| ७ | उल्लेख नगरिएको | २२ | ०.१० |
| ८ | अन्य | ५ | ०.०२ |
| | जम्मा | २१,४५२ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा बडो विविधता रहेको पाइन्छ। मातृ भाषा बोल्नेहरूको जनसंख्या हेर्दा सबैभन्दा बढी नेपाली भाषा बोल्ने संख्या २१,२१९ (९८.९१ प्रतिशत) रहेको देखिन्छ। साथै, मगर १०८ (०.५० प्रतिशत), उर्दु ६४(०.३० प्रतिशत), साङ्केतिक भाषा २० ( ०.०९ प्रतिशत), मैथिली ८ (०.०४ प्रतिशत) तथा सबैभन्दा कम ६ (०.०३ प्रतिशत) जनाले भोजपुरी बोल्ने गरेको पाईयो। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।




## ३.९ जातजाती अनुसार जनसंख्या

गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो जनगणना अनुसार यस गाउँपालिकामा करिव १५ भन्दा बढि जात/जातिको बसोबास रहेको पाईन्छ भने करिव १० भन्दा बढी मातृभाषाभाषीहरू बोलिने गरिएको देखिन्छ।

नेपाल एक बहुभाषी, बहुधर्मिक र बहु जातिय मुलुक भएको हुँदा धेरै जातजाति भाषाभाषीहरू रहेका छन् । यस छत्रेश्वरी गाउँपालिकामा पनि धेरै जातजातिहरूको बसोबास रहेको पाइन्छ। ४,४०८ घरधुरीमा गरेको जनसांख्यीक विवरण अनुसार यस गाउँपालिकामा बसोबास गर्दै आएका विभिन्न जातजातिहरूको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १३ : जातजाती समुहको जनसंख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ११,१७० | ५२.०७ |
| २ | मगर | ३,२१९ | १५.०१ |
| ३ | कामी | २,५८९ | १२.०७ |
| ४ | ठकुरी | १,२२३ | ५.७० |
| ५ | ब्राम्हण पहाडी | ९२४ | ४.३१ |
| ६ | सार्की | ९१८ | ४.२८ |
| ७ | सन्याशी/दशामी | ८०९ | ३.७७ |
| ८ | दमाई/ढोली | ३८५ | १.७९ |
| ९ | मुसलमान | ८८ | ०.४१ |
| १० | नेवार | ५६ | ०.२६ |
| ११ | बादी | ३८ | ०.१८ |
| १२ | जनजाति अन्य | २० | ०.०९ |
| १३ | अन्य | १३ | ०.०६ |
| | जम्मा | २१,४५२ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकामा सबै भन्दा बढी क्षेत्री जाती कुल २१,४५२ जनसंख्याको ११,१७० (५२.०७ प्रतिशत) रहेको देखिन्छ। दोस्रो स्थानमा मगर ३,२१९ (१५.०१ प्रतिशत) र तेस्रोमा कामी २,५८९ (१२.०७ प्रतिशत) रहेको पाइन्छ। त्यस्तै, ठकुरी १,२२३ (५.७० प्रतिशत), ब्राम्हण पहाडी ९२४ ( ४.३१ प्रतिशत), सार्की ९१८ (४.२८ प्रतिशत), सन्यासी/दशनामी ८०९ (३.७७ प्रतिशत), दमाई/ढोली ३८५ ( १.७९ प्रतिशत), मुसलमान ८८ (०.४१ प्रतिशत), नेवार ५६ (०.२६ प्रतिशत) र बादी ३८ (०.१८ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



### (क) आदिवासी

यस गाउँपालिकाको कुल जनसंख्या २१,४५२ मध्ये १५.३६ प्रतिशत (३,२९५ जना) जनसंख्या आदिवासी जनजाति रहेको छ। जसमध्ये सबैभन्दा बढी मगर समुदाय ३,२१९ (१५.०१ प्रतिशत), दोस्रोमा नेवार ५६ (०.२६ प्रतिशत), र अन्य आदिवासी तथा जनजाती २० (०.०९ प्रतिशत) रहेको छ। मुख्यत: कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत पनि न्यून रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। छत्रेश्वरी गाउँपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत महत्वपूर्ण अवस्थामा रहेको छ।

### (ख) उत्पीडित समुदाय

जात जातिको हिसावले छत्रेश्वरी गाउँपालिकामा ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले १८.३२ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानविय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, मा.वि.र उच्च मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्प र विभिन्न कलाको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा छत्रेश्वरी गाउँपालिकामा उत्पीडित र उपेक्षित समुदायले अझापि उपेक्षित अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.१० धर्मका आधारमा जनसङ्ख्या

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। २०६८ को जनगणना अनुसार तलको तालिकालाई हेर्दा २०,९५३ (९७.६७ प्रतिशत) यस गाउँपालिकाका घरमुलीहरूले हिन्दु धर्म मान्ने गरेको देखिन्छ भने त्यसपछि दोस्रोमा बौद्धधर्म मान्ने १९९ (०.९३ प्रतिशत) र तेस्रोमा क्रिश्चियन धर्म मान्ने १७२ (०.८० प्रतिशत) रहेको देखिन्छ। साथै, इस्लाम धर्म मान्ने ८८ (०.४१ प्रतिशत) र अन्य उल्लेख नगरिएको ४० (०.१९ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकाका धेरैजसो मानिसहरूले आफ्नो सनातन हिन्दु धर्म मान्ने र सोही अनुसारका चाडपर्वहरू जस्तै, दशैं, तिहार, जनैपूर्णिमा, तीज, छठ, माघी, होली आदि मनाउने गर्दछन् भने

अन्य धर्मावलम्बीहरूले ल्होसार, बुद्धजयन्ती, चण्डी पर्व, क्रिसमस डे आदि जस्ता चाडपर्वहरू मनाउने गर्दछन् । यो तथ्याङ्कलाई हेर्दा समग्र राष्ट्रको तथ्याङ्कअनुसारको धर्मको अवस्था जस्तै देखिन्छ र यसबाट पनि राष्ट्रिय तथ्याङ्कको विश्वसनियतालाई थप विश्वासिलो बनाउन सघाउ पुग्ने देखिन्छ । यी विविध तथ्यबाट यस गाउँपालिकामा धार्मिक रुपले बढी विविधतायुक्त रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १४ : धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | क्रिश्चियन | इस्लाम | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जनसंख्या | २०९५३ | १९९ | १७२ | ८८ | ४० | २१४५२ |
| प्रतिशत | ९७.६७ | ०.९३ | ०.८० | ०.४१ | ०.१९ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*




## ३.११ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण

तालिका नं. १५ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५३४ | १४ | १ | ० | ५४९ |
| २ | ६१८ | २ | ० | ३ | ६२३ |
| ३ | ५८९ | ३ | ० | १५ | ६०७ |
| ४ | ६१५ | ४ | ० | १ | ६२० |
| ५ | ६९५ | ८ | ४ | ० | ७०७ |
| ६ | ५९७ | ३४ | ० | ८ | ६३९ |
| ७ | ६५३ | ८ | ० | २ | ६६३ |
| जम्मा | ४,३०१ | ७३ | ५ | २९ | ४,४०८ |
| प्रतिशत | ९७.५७ | १.६६ | ०.११ | ०.६६ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*




यस गाउँपालिकामा भएको जम्मा घरधुरी ४,४०८ मध्ये परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ४,३०१ अर्थात ९७.५७ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या ७३ अर्थात १.६६ प्रतिशत, संस्थागत घरधुरी ५ अर्थात ०.११ प्रतिशत र अन्य घरधुरीको संख्या २९ अर्थात् ०.६६ प्रतिशत रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१२ घरमा महिलाको स्वामित्वको विवरण

तालिका नं. १६ : घरमा महिलाको स्वामित्वको विवरण

| वडा नं | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | २ | ५४६ | १ | ५४९ |
| २ | २८ | ५९३ | २ | ६२३ |
| ३ | ४४ | ५५५ | ८ | ६०७ |
| ४ | २१ | ५९८ | १ | ६२० |
| ५ | २५ | ६७३ | ९ | ७०७ |
| ६ | ५४ | ५८२ | ३ | ६३९ |
| ७ | ४३ | ६१८ | २ | ६६३ |
| **जम्मा** | **२१७** | **४,१६५** | **२६** | **४,४०८** |
| **प्रतिशत** | **४.९२** | **९४.४९** | **०.५९** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस छत्रेश्वरी गाउँपालिकामा बसोबास गर्ने परिवारमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको तथा नभएको कुरालाई देख्न सक्छौ। यसमा उनीहरूको घरमा महिलाको स्वामित्व भएको भन्ने शीर्षकमा २१७ (४.९२ प्रतिशत) परिवार रहेको छ भने स्वामित्व नभएको भन्ने शिर्षकमा ४,१६५(९४.४९ प्रतिशत) परिवार र उल्लेख नगरिएकोमा २६ (०.५९ प्रतिशत) परिवार रहेको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

यस गाउँपालिकामा लैङ्गिक आधारमा घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।




## ३.१३ जमिनमा महिलाको स्वामित्वको विवरण

तालिका नं. १७ : जमिनमा महिलाको स्वामित्वको विवरण

| वडा नं | जमिनमा महिलाको स्वामित्वका भएको | जमिनमा महिलाको स्वामित्वका नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ४९ | ४९९ | १ | ५४९ |
| २ | ३९ | ५८२ | २ | ६२३ |
| ३ | ११६ | ४८३ | ८ | ६०७ |
| ४ | ३८ | ५८१ | १ | ६२० |
| ५ | ८१ | ६१७ | ९ | ७०७ |
| ६ | १३५ | ५०१ | ३ | ६३९ |
| ७ | ६७ | ५९४ | २ | ६६३ |
| **जम्मा** | **५२५** | **३,८५७** | **२६** | **४,४०८** |
| **प्रतिशत** | **११.९१** | **८७.५०** | **०.५९** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस छत्रेश्वरी गाउँपालिकामा बसोबास गर्ने परिवारमा जमिनमा महिलाको स्वामित्वको विवरण देखाइएको छ। जमिनमा महिलाको स्वामित्व भएको भन्ने शिर्षकमा ५२५ (११.९१ प्रतिशत) परिवार रहेको छ भने स्वामित्व नभएको भन्ने शीर्षकमा ३,८५७ (८७.५० प्रतिशत) परिवार र उल्लेख नगरिएकोमा २६ (०.५९ प्रतिशत) परिवार रहेको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। लैङ्गिक आधारमा जग्गाको स्वामित्व

पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ । यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.१४ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. १८ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | ५४२ | ६२२ | ६०४ | ६१७ | ७०० | ६२३ | ६६१ | ४,३६९ | ९९.१२ |
| सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | ४ | ० | ० | ० | ५ | ० | २ | ११ | ०.२५ |
| ढलान पिल्लरसहितको | ० | ० | ० | ० | ० | १३ | ० | १३ | ०.२९ |
| काठको खम्बा गाडेको | ० | ० | ० | १ | ० | ३ | ० | ४ | ०.०९ |
| अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| उल्लेख नगरिएको | ३ | १ | ३ | २ | २ | ० | ० | ११ | ०.२५ |
| जम्मा | ५४९ | ६२३ | ६०७ | ६२० | ७०७ | ६३९ | ६६३ | ४,४०८ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस गाउँपलिकामा परिवारले प्रयोग गरेको जगअनुसारको घरको अवस्थालाई हेर्ने हो भने सबैभन्दा बढी ४,३६९ अर्थात् ९९.१२ प्रतिशत माटोको जोडाइ भएको इँटा/ढुङ्गाको घरधुरी पाईन्छ । यसैगरी दोस्रोमा ढलान पिल्लरसहितको घरधुरी १३ अर्थात् ०.२९ प्रतिशत, तेस्रोमा सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा को घरधुरी ११ अर्थात् ०.२५ प्रतिशत रहेको छ । त्यस्तै, काठको खम्बा गाडेको घरधुरी ४ अर्थात् ०.०९ प्रतिशत र उल्लेख नगरिएको घरधुरी ११ अर्थात् ०.२५प्रतिशत रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएकोछ ।




## ३.१५ बाहिरी गारोका आधारमा घरको विवरण

तालिका नं. १९ : बाहिरी गारोका आधारमा घरको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | काठ/ फल्याक | बाँसजन्य सामग्री | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५३० | १० | ६ | ० | ३ | ५४९ |
| २ | ६१७ | २ | ३ | ० | १ | ६२३ |
| ३ | ६०२ | २ | ० | ० | ३ | ६०७ |
| ४ | ६१६ | १ | ० | ० | ३ | ६२० |
| ५ | ६९६ | ९ | ० | ० | २ | ७०७ |
| ६ | ५३६ | १०० | १ | २ | ० | ६३९ |
| ७ | ६६१ | २ | ० | ० | ० | ६६३ |
| जम्मा | ४,२५८ | १२६ | १० | २ | १२ | ४,४०८ |
| प्रतिशत | ९६.६० | २.८६ | ०.२३ | ०.०५ | ०.२७ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा परिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको अवस्था हेर्ने हो भने सबैभन्दा बढी ४,२५८ (९६.६० प्रतिशत) संख्यामा माटोको जोडाइ भएको ईँटा/ढुङ्गाभएको घरधुरी देखिन्छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाभएको १२६ (२.८६ प्रतिशत), काठ/फल्याकबाट बनेको घरधुरी १० (०.२३ प्रतिशत), बाँसजन्य सामग्री बाट बनेको घरधुरी २ (०.२५ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी १२ (०.२७ प्रतिशत) रहेको पाईन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१६ छानाको आधारमा घरको विवरण

तालिका नं. २० : छानाको आधारमा घरको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| खर/पराल/छ्वाली | ११० | २५२ | ३४१ | ४१५ | ४१९ | ३१५ | ४१९ | २,२७१ | ५१.५२ |
| जस्ता/टिन/च्यादर | ५७ | ६२ | १६४ | ३४ | १४३ | २७६ | १५४ | ८९० | २०.१९ |
| टायल/खपडा/झिँगटी/ढुङ्गा | ३७५ | ३०४ | ९१ | १६९ | १४२ | २४ | ११ | १,११६ | २५.३२ |
| सिमेन्ट/ढलान | २ | ० | ० | ० | ० | १७ | ४ | २३ | ०.५२ |
| काठ/फल्याक | १ | ० | ० | ० | ० | २ | ० | ३ | ०.०७ |
| माटो | ० | ३ | ८ | ० | १ | ३ | ७५ | ९० | २.०४ |
| अन्य | ० | १ | ० | ० | ० | २ | ० | ३ | ०.०७ |
| उल्लेख नगरिएको | ४ | १ | ३ | २ | २ | ० | ० | १२ | ०.२७ |
| जम्मा | ५४९ | ६२३ | ६०७ | ६२० | ७०७ | ६३९ | ६६३ | ४,४०८ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

यस तालिकामा परिवारले प्रयोग गरेको घरको छानाको आधारमा घरको अवस्थालाई देखाइएको छ। जसको अध्ययन गर्दा यस गाउँपालिकाका घरपरिवारहरूले खर/पराल/छ्वालीको छाना बढी प्रयोग गरिएको देखिन्छ। जुन घरधुरी संख्या २,२७१ (५१.५२ प्रतिशत) रहेको छ भने काठ तथा फल्याकबाट बनेको छाना सबैभन्दा कम ३ (०.०७ प्रतिशत) घरधुरी संख्या पाइन्छ। यसैगरी टायल/खपडा/झिँगटी/ढुङ्गाभएको घरधुरी १,११६ (२५.३२ प्रतिशत), जस्ता/टिन/च्यादर छाना भएको घरधुरी ८९० (२०.१९ प्रतिशत) र माटोको छाना भएको घरधुरी ९० (२.०४ प्रतिशत) रहनुका साथै अन्य घरधुरी ३ (०.०७ प्रतिशत) र उल्लेख नगरिएको १२ (०.२७ प्रतिशत) घरधुरी रहेका छन्। गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको छानाको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१७ बसाई सराईको अवस्था

आर्थिक वृद्धि तथा रोजगारीका अवसरमा कमी हुनु तथा नागरिकको आवश्यकता तथा आकांक्षा समयानुकूल बढ्दै जाँदा गाउँपालिकामा बसाईसराईको गति तीव्र भएको देखिन्छ। गाउँपालिकामा बसाईसराई सम्बन्धी छुट्टै अध्ययन अनुसन्धान भएको अवस्थामा राष्ट्रिय जनगणना २०६८ को समयमा अनुपस्थित जनसंख्यालाई यहाँ बसाईसराई सम्बन्धी विवरण अनुसूची ३ मा रुपमा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाको समग्र भूभाग उच्च तथा मध्य पहाडी भूभाग र केही समथर भूमि समेत भएकोले पहाडी क्षेत्रबाट समथर भूभाग र अन्य जिल्लाका ग्रामीण क्षेत्रहरू र शहरी क्षेत्रहरूमा बसाइ सर्ने चलन बढी रहेकोछ।

तालिका नं. २१ : २०७३ सालको व्यक्तिगत घटना दर्ताको विवरण

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | आएको संख्या | गएको संख्या | जम्मा |
| १,२ | १३८ | २२३ | ३६१ | २८ | ७ | ३५ | २ | १०२ | | ४६ | ४६ |
| ३,४ | १४० | ११५ | २५५ | २१ | १५ | ३६ | ३ | ९२ | २४ | १२४ | १४८ |
| ५ | ५४ | ४४ | ९८ | ६ | १२ | १८ | ० | ५३ | २७ | ४ | ३१ |
| ६,७ | १३२ | १३२ | २६४ | २२ | ७ | २९ | ३ | १०८ | ४ | २५ | २९ |
| **जम्मा** | ४६४ | ५१४ | ९७८ | ७७ | ४१ | ११८ | ८ | ३५५ | ५५ | १९९ | २५४ |
| **प्रतिशत** | ४७.४४ | ५२.५५ | १०० | ६५.२५ | ३४.७४ | १०० | | | २१.६५ | ७८.३४ | १०० |

*श्रोत : छत्रेश्वरी गाउँपालिका कार्यालय, २०७४*

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई-सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नुपर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनुपर्छ।

तालिकामा २०७३ सालमा छत्रेश्वरी गाउँपालिकामा भएको व्यक्तिगत घटनाको विवरण उल्लेख गरिएको छ। जसमा २०७३ सालभरि छत्रेश्वरी गाउँपालिकामा जन्म दर्ता गराउने संख्या जम्मा ९७८ जना छन् जसमध्ये महिला ५१४ (५२.५५ प्रतिशत) जना छन् भने पुरुष ४६४ (४७.४४ प्रतिशत) जना छन्। त्यसैगरि जम्मा ११८ जनाको मृत्यु भएको छ जसमा महिला ४१ (३४.७४ प्रतिशत) छन् भने पुरुष ७७ (६५.२५ प्रतिशत) जना छन्। त्यसैगरि ८ जनाको सम्बन्ध विच्छेद भएको छ भने सालभरि ३५५ जनाको विवाह दर्ता भएको देखाइएको छ। गाउँपालिकामा बसाईँ सराईँको प्रभाव पनि देखाइएको छ। बसाई सरि आएको जम्मा ५५(२१.६५ प्रतिशत) जना छन् भने बसाईँ सरि गएकोमा जम्मा ११९ (७८.३४ प्रतिशत) जना छन्। गाउँपालिकामा बसाईँ सरि आउने भन्दा जानेको संख्या ५६.६९ प्रतिशतले बढि देखाइएको छ। भौगोलिक विकटता साथसाथै आकांक्ष समयानुकूल बढ्दै जाँनुनै गाउँपालिकामा बसाई सराई गर्नुको मुख्य कारण रहेको तथ्यांकले बताएको छ।

# खण्ड ४ : भू–उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

यस छत्रेश्वरी गाउँपालिका प्राकृतिक श्रोतले भरिपूर्ण गाउँपालिका हो। प्राकृतिक रुपले भरिपूर्ण छत्रेश्वरी गाउँपालिकामा वनजंगलले कूल क्षेत्रफलको ५७.४५ सबभन्दा बढि क्षेत्र ओगटेको छ, खेतिपातीको योग्य जमिन २१.३२ प्रतिशत, झाडी तथा बुट्यानले करिब १५.५० प्रतिशत भूभाग ओगटेको छ भने घाँसले करिब ४.५५ प्रतिशत ओगटेको छ। त्यसैगरि बालुवाले करिब ०.९६ प्रतिशत र जलले सबभन्दा कम ०.१९ भाग ओगटेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। सार्वजनिक

तालिका नं. २२ : भूआवरणको बितरण

| भूआवरण | कुल क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | ३,२१३ | २१.३२ |
| जंगल | ८,६५८ | ५७.४५ |
| बुट्यान | २,३३६ | १५.५० |
| घाँस | ६८७ | ४.५५ |
| बालुवा | १४६ | ०.९६ |
| जल | २९ | ०.१९ |
| कुल | १५,०६९ | १००.० |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*






**नक्सा ७:** छत्रेश्वरी गाउँपालिकाको भू-उपयोग विवरण

### ४.१.१ सार्वजानिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजानिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरू जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (हाल स्थानीय तह – नगरपालिका तथा गाउँपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ । जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजानिक जग्गाको संरक्षण सम्बन्धित निकायहरूबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरू, गैरसरकारी संस्था एवम् निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र भएमा यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सवर्द्धनमा सहयोग पुग्न जान्छ । छत्रेश्वरी गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बट्यान, गौचर, बाटो, भिरपाखा, चौर, कुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविस अनुसार दिइएको छ । जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

तालिका नं. २३ : सार्वजनिक जग्गाको विवरण

| क्र.सं. | साविकको गाविस | सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल (रोपनीमा) |
|---|---|---|
| १ | दमाचौर | ९८०९-९-१-२ |
| २ | कोर्वाङ्गझिम्पे | ७१०७४-११-०-३ |
| ३ | छाँयाक्षेत्र | ३८६२६-०-०-२ |
| ४ | लेखपोखरा | ८४१४७-१३-२-१ |
| | जम्मा | २०३६५८-२-१-० |

*स्रोत : मालपोत कार्यलय, सल्यान २०६५*

## ४.२ शहरीकरणको स्वरुप

छत्रेश्वरी गाउँपालिका राप्ती राजमार्गसँग जोडिएको गाउँपालिका हो । यो राजमार्ग र अन्य सडक सञ्जालले यस गाउँपालिकालाई देशका विभिन्न भागसँग जोडेको छ । विशेष गरी सडक सञ्जाल राम्रो भएको स्थानमा शहरीकरण बढ्दै जाने हुन्छ । राप्ती राजमार्ग जोडिएर गएका वस्ती विशेष गरी लान्ती, गाउँपालिकाको केन्द्र रहेको भोटेचौर क्षेत्र, शंखमुल क्षेत्रमा विस्तारै शहरीकरण बढ्दै गैरहेको छ । लान्ती बजार यस गाउँपालिकाकै सबैभन्दा ठूलो बजार क्षेत्र हो । यस भेगका जनताको लागि दैनिक उपभोग्यका सामानदेखि लत्ता कपडा, निर्माण सामग्री आदि सामानको केनबेच गर्ने स्थानको रुपमा रहेको छ । यी क्षेत्र बाहेक गाउँपालिकाको वडा नं. ३ स्थित दारिमज्युला बजार, वडा नं. ५ स्थित महानेटा बजार शहरीकरण तिर उन्मुख बजार हुन् ।

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरू संचालन गर्नुपर्ने हुन्छ।

- ✓ निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)
- ✓ जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)
- ✓ घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरू गाउँक्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुर्‍याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

#### (क) निर्देशित जग्गा विकास कार्यक्रम

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन। जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन्।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन। जग्गा र घरधनीको सहमतिमा गाउँपालिकाले बाटो चौडा गरिदिने कार्य गर्दछ। यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ।

#### (ख) जग्गा एकीकरण कार्यक्रम

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन। जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ। यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ। पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ। यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ। जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन्। विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन्। यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन। तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ, (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ। योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ। यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ। व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू ( एकै किसिमको वा विभिन्न किसिमको ) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

छत्रेश्वरी गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ रहेको सन्दर्भमा गाउँपालिकाका विकसित क्षेत्रको वरपर मात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँहरूमा आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ

भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

गाउँपालिकाको कुल ४,४०८ परिवारहरू मध्ये, घरको जग माटोको जोडाइ भएको इट्टा, ढुङ्गा ९९.१२ प्रतिशत, बाहिरि गाह्रो माटोको जोडाइ भएको इट्टा, ढुङ्गा भएको घरधुरी ९६.६० प्रतिशत र खर/पराल/छ्वाली छाना भएका घरधुरी ५१.५२ प्रतिशत छन्। गाउँपालिकामा कुल ७३ (१.६६ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ४,३०१ (९७.५७ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँपालिका भित्र ५ (०.११ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

यस गाउँपालिका महाभारत पर्वत श्रृंखलाको मध्य भागमा पर्ने तथा नगरको केही भूभागको भिरालोपना ४० देखि ५० डिग्रीसम्म भएकोले सामान्यतया भूक्षयको दृषिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको विभिन्न गतिविधिबाट त्यस क्षेत्रमा परिरहेको वनविनासको चाप, डढेलो, चरीचराउ तथा गोठ तथा खर्क राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढंगाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई यस क्षेत्रबाट बर्सेनी गेग्ग्रानीहरू तलको नदीहरूमा बग्ने र नदी सतहलाई उकारी बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। यसरी महाभारत पर्वत र त्यसको फेदीमा अवस्थित विभिन्न वस्ती र त्यहाँबाट निस्कने खोलाहरू समेत समग्र भू-क्षय प्रणालीमा आबद्ध हुन पुगेका छन्। मूलत: गाउँपालिकाका प्रमुख नदी प्रणालीहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले अत्याधिक प्रतिकुल प्रभाव पारेको छ। महाभारत पर्वत श्रृंखलाबाट खस्केर आउने पहिरोको विस्तार क्षेत्रबाट शुरु हुने गेग्रानहरू खोलामा नअटाई नदी क्षेत्र भन्दा बहिर फैलिने र कही कटान र कही भरान गर्दै मरुभूमिहरणको



प्रक्रियालाई तीब्र बनाइरहेका छन्। यसक्रमलाई रोक्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण महाभारत क्षेत्रलाई आरक्षित गर्ने तर्फ अघि बढ्नु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ गाउँमा नदी कटानबाट भएका प्रकोपको विवरण

दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.७ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

तालिका नं. २४ : गाउँमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँमा विशेषतः साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँको धेरै जसो भु–भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेका छन् । | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | गाउँको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २५ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| २१,४५२ | ४,७९७ | ६,७७६ | १४,९९८ |
| प्रतिशत | ४१.४५ | ५८.५५ | ५३.९५ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा आर्थिकरुपले सक्रिय पुरुषको संख्या ६,५०१ (४१.४५ प्रतिशत), महिलाको संख्या ८,४९७ (५८.५५ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १७.१० प्रतिशत देखिन्छ भने गाउँपालिकाको कुल जनसंख्याको ६९.९१ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निष्कृय जनसंख्या ४६.०५ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.२ आश्रित जनसंख्याको विवरण

तालिका नं. २६ : आश्रित जनसंख्याको विवरण

| आश्रित बालबाबिालका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|
| जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| ८,५८१ | ८६.८६ | १,२९८ | १३.१४ | ९,८७९ | ४६.०५ |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा कुल जनसंख्याको ९८७९ (४६.०५ प्रतिशत) जनसंख्या आश्रित छन्। जसमा ० देखि १४ वर्षसम्मका बालबालिका ८,५८१ (८६.८६ प्रतिशत) र जेष्ठ नागरिक अर्थात ६० वर्ष वा सोभन्दा माथिका बृद्धबृद्धाहरूको जनसंख्या १,२९८ (१३.१४ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ५.३ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू

फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।



तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

गाउँपालिकाको २१.३२ प्रतिशत भूभाग कृषिका लागि उपयोगी क्षेत्र रहेको छ। सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ। गाउँमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। छत्रेश्वरी गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ।







### ५.३.१ बाली उत्पादन

#### (क) हिउदे बाली

गाउँमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा कोदो, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहन, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, अम्बा, कटहर, आरु, नास्पति, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली, माछा रहेका छन् ।

#### (ख) वर्षे बाली

गाउँका प्रमुख वर्षे बालीहरूमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन् ।

### ५.३.२ कृषक समूहको विवरण

तालिका नं. २७ : जिल्ला कृषक समूहको विवरण

| कृषक समूह संख्या | | | सदस्य संख्या | | जम्मा सदस्य संख्या |
|---|---|---|---|---|---|
| महिला | पुरुष | मिश्रित | महिला | पुरुष | |
| 12 | 3 | 27 | 382 | 589 | **971** |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

यस छत्रेश्वरी गाउँपालिकामा आ.व. २०७२/०७३ मा जम्मा ४२ वटा कृषक समूहहरू रहेको देखिन्छ। जसमध्ये महिला कृषक समूहहरू १२, पुरुष कृषक समूहरूको संख्या ३ रहेको छ भने मिश्रित कृषक समूहहरूको संख्या २७ वटा रहेको छ। त्यसैगरी यस कृषक समुहमा जम्मा ९७१ सदस्यहरू आबद्ध छन् जसमध्ये महिला ३८२ जना र पुरुष ५८९ जना रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.३.३ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरू देखिन्छन्। यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरू मुख्य रुपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदि रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन्। मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

तालिका नं. २८ : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बालीमा लाग्ने मुख्य रोग | बालीमा लाग्ने मुख्य मुख्य कीराहरू | झारपात | प्राकृतिक शत्रुहरू |
|---|---|---|---|---|
| धान | डढुवा, गरुवा, खैरा | फौजी कीरा, फड्के, सिरु | सामा, पोथो, सिरु | बाँदर, चरा, मुसा |
| मकै | डाँठ कुहिने, घोगा कुहिने | फेद कटुवा, गवारो, खुम्रे | हनुमान, सिरु | डढुवा, गरुवा, खैरा |
| गहुँ | सिदुरे, कालोपोके | लाही, पनेरो, भुसिले | | डाँठ कुहिने, घोगा कुहिने |

*स्रोत: कृषि सेवा केन्द्र, भोटेचौर, २०७४*

### ५.३.४ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

कृषि प्रविधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन छत्रेश्वरी गाउँपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन्।

तालिका नं. २९ : कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि.न. | सेवा केन्द्र र उपसेवा केन्द्र | अन्तगर्तका साबिकका गा.वि.स.हरू |
|---|---|---|
| १ | भोटेचौर | छाँयाक्षेत्र, लेखपोखरा, कोर्वाङभिम्पे |
| २ | थारमारे | दमाचौर |

*स्रोत: कृषि सेवा केन्द्र, भोटेचौर, २०७४*

### ५.३.५ माछापालन सम्बन्धी विवरण

तालिका नं. ३० : माछापालन सम्बन्धी विवरण

| क्र. सं. | विवरण |
|---|---|
| १ | छत्रेश्वरी-३ अवस्थित दारिमज्युलामा पोखरी बनाएर माछा उत्पादन |
| २ | छत्रेश्वरी-६ अवस्थित शंखमुल, धरालेखोला, भूमिश्वरमा खोलाको किनारमा पोखरी बनाएर माछा उत्पादन |
| ३ | छत्रेश्वरी-७ अवस्थित कल्लेखोलाको किनारमा माछा पोखरी बनाएर माछा उत्पादन |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

तालिका नं. ३१ : बाली पात्रो

| क्र.सं. | बालीको नाम | बाली लगाउने समय | बाली टिप्ने समय |
|---|---|---|---|
| १. | धान | आषाढ, श्रावण | कार्तिक, मंसिर |
| २. | गहुँ | कार्तिक, मंसिर | चैत्र, वैशाख |
| ३. | मकै | वैशाख, जेष्ठ | भाद्र, असोज |
| ४. | आलु | फाल्गुन, चैत्र | आषाढ, श्रावण |
| ५. | हिउँदे आलु | असोज, कार्तिक | पौष, माघ |
| ६. | तोरी | असोज, कार्तिक | पौष, माघ |
| ७. | हिउँदे तरकारी | असोज, कार्तिक | मंसिर, पौष |
| ८. | तरकारी | वैशाख, जेष्ठ | श्रावण, भदौ |
| ९. | वैमौसमी तरकारी | आषाढ, कार्तिक, मंसिर, पौष | असोज, चैत्र, वैशाख |
| १०. | तरकारी बीऊ | असोज, कार्तिक | चैत्र, वैशाख |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.३.६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ । कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । गाउँपालिकामा विभिन्न हाटबजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

तालिका नं. ३२ : बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)

| सि.नं. | संकलन केन्द्रको नाम | ठेगाना | कमाण्ड गाविस (साविकको गाविस) | मुख्य वजारहरू |
|---|---|---|---|---|
| १ | कृषि उपज बजार केन्द्र, कपुरकोट | धनवांग ३, कपुरकोट | छायाँक्षेत्र | बुटवल, पोखरा, नेपालगञ्ज, काठमाण्डौं, दाङ्ग, कृष्णनगर |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

## ५.३.७ कृषि पकेट क्षेत्रको विवरण

तालिका नं. ३३ : कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | बाली | सम्भाव्य पकेट क्षेत्र |
|---|---|---|
| १ | धान | छाँयाक्षेत्र |
| २ | मकै | लेखपोखरा |
| ३ | गहुँ | दमाचौर |
| ४ | फलफूल | छाँयाक्षेत्र |
| ५ | तरकारी | दहखोला |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

छत्रेश्वरी गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यसगाउँमाकृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यलेगाउँमाविभिन्न क्षेत्रलाई कषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

## ५.३.८ जग्गाको उर्वराशक्ति

छत्रेश्वरी गाउँपालिकामा कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा छत्रेश्वरी गाउँपालिकामा रहेका उर्वर क्षेत्र हाल शहरीकरणको प्रभावसँगै सागुरिँदै गएको देखिन्छ। गाउँपालिकाको खती योग्य भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

## ५.३.९ एग्रोभेट सम्बन्धी विवरण

गाउँभरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय पनि निकै फस्टाउँदै गएको पाइन्छ। औषधी व्यवसायी संघ सल्यानका अनुसार जिल्लामा दर्ता भएका नभएका गरी आधा दर्जन

भन्दा बढी भेटेरिनरी औषधी पसलहरू संचालित छन्। जसमध्ये ४ वटा भेटेरिनरी औषधी पसलहरू यस छत्रेश्वरी गाउँपालिकामा संचालित छन् जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३४ : एग्रोभेट सम्बन्धि विवरण

| क्र.सं. | एग्रोभेटको नाम | ठेगाना |
|---|---|---|
| १ | लक्ष्मी एग्रोभेट सेन्टर | छायाँक्षेत्र-६ |
| २ | रुवेन एग्रोभेट सेन्टर | छायाँक्षेत्र-६ |
| ३ | साँस्कृतिक एण्ड ठाकुर एग्रोभेट सेन्टर | छायाँक्षेत्र-७ |
| ४ | गुँरास एग्रोभेट सेन्टर | दमाचौर-२ |

*श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७३*

## ५.३.१० मलखाद बिक्रेताहरूको विवरण

तालिका नं. ३५ : मलखाद बिक्रेताहरूको विवरण

| एग्रोभेटको संख्या | ठेगाना |
|---|---|
| ४ | छाँयाक्षेत्र-६ र ७, दमाचौर-२ |

*श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७३*

## ५.३.११ कृषि सहकारी संस्थाहरूको विवरण

तालिका नं. ३६ : कृषि सहकारी संस्थाहरूको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | लालवस्ती कृषि जन सहकारी संस्था लि. | दमाचौर-१ |
| २ | छत्रेश्वरी कृषि उपभोक्ता स.सं. लि. | छायाँक्षेत्र-६ |
| ३ | लालीगुँरास कृषि जन सहकारी संस्था लि. | दमाचौर-२ |
| ४ | विशं कृषि जन सहकारी संस्था लि. | लेखपोखरा-५ |
| ५ | सहिद स्मृती कृषि सहकारी संस्था लि. | कोर्बाडझिम्पे |
| ६ | गुँरास कृषि सहकारी संस्था लि. | लेखपोखरा-५ |
| ७ | खड्गदेवी कृषि सहकारी संस्था लि. | कोर्बाडझिम्पे, लैसे |
| ८ | लेकोनी सानाकिसान कृषि सहकारी संस्था लि. | कोर्बाडझिम्पे |
| ९ | दमाचौर कृषि सहकारी संस्था लि. | दमाचौर-१ |
| १० | लेखपोखरा कृषि सहकारी संस्था लि. | लेखपोखरा-५ |
| ११ | दारीमज्यूला कृषि सहकारी संस्था लि. | कोरवाडझिम्पे |

*श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७३*

## ५.४ सिंचाइ

गाउँसतह एवं भूमिगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

### ५.४.१ भूमिगत सिचाई

गाउँपालिकामा भूमिगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनिको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

गाउँपालिकामा सबै जसो ठाउँमा सिँचाईको व्यवस्था नभएकाले यहाँका बासीन्दाहरू खेतीपातीको लागि आकाशे पानीमा निर्भर हुनुपर्ने अवस्था भएतापनि हाल दुई वटा सिँचाई योजना चालु अवस्थमा छ। गाउँपालिकामा फुल्लेबाध सिँचाई योजनाले करिब ११ हेक्टर क्षेत्रफला जमिनमा फैलिएर सिंचाई सुबिधा दिइरहेको छ भने अर्को गरिज्युला सिँचाई योजनाले १०० हेक्टर जमिनमा फैलिएर सिंचाईको सुविधा गाउँपालिकाबासीलाई दिइरहेको छ र यसबाट मुख्यतया कृषि पेशामा आबद्ध कृषकहरूले धेरै फाइदा लिनसकेका छन् ।

तालिका नं. ३७ : छत्रेश्वरी गाउँपालिकामा सिंचाई स्थिति

| योजनाको नाम | स्थान | सिंचाई क्षेत्रफल (हे.) |
|---|---|---|
| फुल्लेबाध सिंचाई योजना | छाँयाक्षेत्र | ११ हेक्टर |
| गरिज्युला सिंचाई योजना | छाँयाक्षेत्र | १०० हेक्टर |
| | **जम्मा** | **१११ हेक्टर** |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

## ५.५ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट गाउँपलिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन। त्यस्तै गरी भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ त्यसैले गाउँपालिकामा पशु विकास सम्बन्धी पकेट क्षेत्रहरू स्थापना भइरहेका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३८ : पशुविकास सम्बन्धी पकेट क्षेत्रहरू

| क्र. सं. | पकेटको किसिम | पकेट संख्या | साविकका गा.वि.स. |
|---|---|---|---|
| १ | भैंसी | १ | लेखपोखरा |
| २ | बाखा | १ | लेखपोखरा |
| ३ | कुखुरा | १ | छाँयाक्षेत्र |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

गाउँपालिकामा पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरू समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पुऱ्याई रहेका छन् ।

### ५.५.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, भेंडा बाखा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखातर्फ उन्नत जातका बोकाहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईँदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरूको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप

पनि यस गाउँमा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिका काकिसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.५.३ गाउँपालिकामा दुग्ध बजारीकरण

छत्रेश्वरी गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा बजार, शहरमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ र स्वयं कृषकहरूले नै घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटराबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मुल्य हुने गरेको पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिकाका केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरूको स्थापना भई जिल्लाका ग्रामीण दुधको केही भागले सबल बजार सञ्जाल पाउन सफल भएको छ । दुग्ध पदार्थको माग दिनप्रतिदिन बढी रहेको र मिठाई पसलेहरूले भारतिय खुवा (खटिमा, बरेलीवाट) झिकाई आपुर्ति गर्ने गरेको पाइन्छ।

### ५.५.४ मासु बजारीकरण

छत्रेश्वरी गाउँपालिका मासु उत्पादनमा आत्मनिर्भर हुनुका साथसाथै यहाँबाट विभिन्न बजारहरूमा समेत मासुको बिक्री बितरण भैरहेको छ । वनजंगल वुट्यान क्षेत्र प्रशस्त भएको कारण बाख्रा, पशु पालन व्यवसायमा स्थानिय बासीहरूले ठूलो फड्को मारेको देखिन्छ । यति हुँदा हुँदै पनि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । गाउँपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरू आधारभूत भौतिक पूर्वाधारहरूको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन् । उदाहरणको लागि यस गाउँपालिकामा बाख्राको मुख्य स्रोत गाउँपालिकाको सबै स्थानमा भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरूको अभावले गर्दा बाख्रा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको देखिदैन ।

### ५.५.५ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरू

विकासका बाहकहरू सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, सल्यानले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरूसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ। यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरू यस छत्रेश्वरी गाउँपालिकामा कार्यरत छन्।

### ५.५.६ व्यवसायको बितरण

यो गाउँपालिका क्षेत्रको अधिकांश भूभाग शहर तथा ग्रामिण मिश्रित बस्तीले भरिएको छ। खासगरी शहरी बस्ती मूल सडकको दाया बाया मत्र सिमित छ भन्न सकिन्छ। त्यसकारण यहाँ शहरी कृयाकलाप न्यून र ग्रामिण कृयाकलापको बाहुल्यता छ। व्यवशायको बितरण पनि ग्रामिण परिवेशको छ। गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न व्यवसायहरू दर्ता गरी व्यवसाय पहिचान र तीनको तथ्यांङ्क संकलनमा गाउँपालिकाले बेलैमा ध्यान दिनुपर्ने देखिन्छ।

## ५.७ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा यसको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका नदी/खोला तथा पोखरीहरूमा माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकामा ओगटेका वन क्षेत्रहरू सालको वन, खयर, सियौ, पाइन, चिर लगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ। यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिकाको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.८ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टीकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँका सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त जमिन हुँदा गाउँमा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको

विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.९ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको देखिन्छ।

तालिका नं. ३९ : सहकारी संस्थाको विवरण

| क्र. सं. | सहकारी संस्था | ठेगाना |
|---|---|---|
| १ | अम्बिकेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | दमाचौर-१ |
| २ | लसुने बचत तथा ऋण सहकारी संस्था लि. | दमाचौर-१ |
| ३ | लालवस्ती कृषि जन सहकारी संस्था लि. | दमाचौर-१ |
| ४ | छत्रेश्वरी कृषि उपभोक्ता स.सं. लि. | छायाँक्षेत्र-६ |
| ५ | लालीगुँरास कृषि जन सहकारी संस्था लि. | दमाचौर-१ |
| ६ | विशं कृषि जन सहकारी संस्था लि. | लेखपोखरा-५ |
| ७ | सहिद स्मृती कृषि सहकारी संस्था लि. | कोर्बाङझिम्पे |
| ८ | गुँरास कृषि सहकारी संस्था लि. | लेखपोखरा-५ |
| ९ | खड्गदेवी कृषि सहकारी संस्था लि. | कोर्बाङझिम्पे, लैसे |
| १० | लेकोनी सानाकिसान कृषि सहकारी संस्था लि. | कोर्बाङझिम्पे |
| ११ | दमाचौर कृषि सहकारी संस्था लि. | दमाचौर-१ |
| १२ | लेखपोखरा कृषि सहकारी संस्था लि. | लेखपोखरा-५ |
| १३ | दारीमज्यूला कृषि सहकारी संस्था लि. | कोरवाङझिम्पे |
| १४ | फुलबारी सामाजीक उद्यमी म. सहकारी संस्था लि. | छायाँक्षेत्र-७ |

*स्रोत:जिल्ला कृषि विकास कार्यालय,२०७३*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, चिया, दुग्ध, विद्युत, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्थाको संख्या २, कृषि ११ र उद्यमी सहकारी १ गरी जम्मा १४ वटा सहकारी संस्थाहरू संचालनमा रहेका देखिन्छन्।

तालिका नं. ४० : सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | २ |
| २ | कृषि | ११ |
| ३ | उद्यमी | १ |
| | **जम्मा** | **१४** |

*स्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

## ५.१० संघ संस्था तथा विभिन्न समुहहरू

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरू क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरूमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह आदि जस्ता सचेतना केन्द्र गाउँ गाउँमा जनचेतना कार्यक्रमहरू संचालन गरिरहेका छन्। यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरू, युवा क्लबहरू, नागरिक समाज, राजनितिक दलहरूको समेत भूमिका महत्वपूर्ण रहेको देखिन्छ।

# खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ सडक सम्बन्धी विवरण




नक्सा ८: छत्रेश्वरी गाउँपालिकामा रहेको सडक सञ्जाल

छत्रेश्वरी गाउँपालिकामा समग्र विकास कृयाकलापहरू सञ्चालन गर्न यातायत एक महत्वपूर्ण पूर्वाधार हो। यस गाउँपालिकामा केही मौसमी तथा नियमित सडक यातायातको सुविधा रहेको छ। यो गाउँपालिकामा यातायातका प्रमुख साधनहरूमा सडक यातायात, घोडेटो, गोरेटो आदि रहेका छन्। प्रमुख सडकहरूमा पक्की पुलहरू तथा कल्भर्ट आदिको व्यवस्था गरिएको छ भने घोडेटो तथा गोरेटो बाटोहरूमा झोलुगें पुलको व्यवस्था भएको पाइन्छ। यद्यपि यी सबै साधनहरू पर्याप्त नरहेको अवस्था विद्यमान छ। सडक सञ्जाल विकास गर्नु यो गाउँपालिकामा अत्यावश्यक रहेकोछ। यस गाउँपालिकामा हालसम्म राप्ती राजमार्ग - ८ कि.मी. ओटासिल (कालोपत्रे) सडक, लान्ती-रानागाउँतुसारे, शंखमुल-वतानी श्रीचौर रानागाउँ, जामुनेखोला-पानीखोला, साङ्बार-गजे, शंखमुल-छाँयाक्षेत्र मन्दिर, पौवा-मालेडाँडा, शंखमुल-झिम्पे कच्ची सडकमा यातायातका साधनहरू नियमित रुपमा सञ्चालन भइरहेका छन्। मोखला-गुँरासे तथा लान्ती-दमाचौरसम्म सडक चौडा गरी स्तरोन्नति गरिदैछ। गाउँपालिका क्षेत्रभित्रका विभिन्न सडकहरूमा मिनी बस, जीप, ट्याक्टर इत्यादि नियमित रुपमा चल्ने गरेका पाइन्छन्।

गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडाहरूमा मोटरबाटो पुगेको अवस्था छ जसले गर्दा गाउँपालिका बासीहरूको दैनिक जीवन सहज हुन पुगेको छ। समग्रमा सडकको निर्माण तथा स्तरोन्नति भएतापनि वर्षा मौसममा बाहेक अन्य समयमा साना बस, जीप तथा ट्याक्टरहरू सञ्चालनमा आएको पाइन्छ तर त्यस्ता बाटोको स्तर सुधार गरी नियमित सञ्चालनमा ल्याउनु अत्यन्त आवश्यक देखिएको छ।

### ६.१.१ बिद्यमान सडक सञ्जाल

तालिकामा समग्र छत्रेश्वरी गाउँपालिकाको सडक सञ्जालको अवस्था झल्काइएको छ।

तालिका नं. ४१ : बिद्यमान सडक सञ्जाल

| सि.नं. | सडकको नाम | कुल कि.मि. | कालोपत्रे | ग्राभेल | कच्ची | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोखला दमाचौर | १८.६६ | | १८.६६ | | |
| २ | लान्ती स्यानीखाल मोखला | १७.०४ | | | १७.०४ | |
| ३ | शंखमुल कोर्बाङ्झिम्पे खर्सुबास | २२.५६ | | | २२.५६ | |
| ४ | लान्ती लेखपोखरा दहखोला | २७.३२ | | | २७.३२ | |

*श्रोत: जिल्ला समन्व्य समिति, सल्यान २०७३*

### ६.१.२ यातायात सेवा

छत्रेश्वरी गाउँपालिका साबिकका गा.वि.स. कोर्बाङ्झिम्पे, दमाचौर, लेखापोखरा र छाँयाक्षेत्र मिलेर बनेको हो। तालिकामा गाउँपालिकाका ७ वटा वडाहरू देखि गाउँपालिका केन्द्र सम्मको दुरी देखाइएको छ। गाउँमा याातायतको सुबिधा राम्रै भएतापनि बाटोको खराब अवस्था र सिमित यातायातका साधनहरू चल्ने भएकोले गर्दा स्थानीयहरू समयमा आफ्नो गन्तव्यसम्म पुग्न सकेका छैनन् तसर्थ गाउँपालिका क्षेत्रभित्र सडक सञ्जाल विस्तार तथा स्तरोन्नति यथाशिघ्र गर्नुपर्ने देखिन्छ।

तालिका नं. ४२ : वडाहरूको गाउँपालिका केन्द्रसम्म दुरी

| वडा नं. | गाउँपालिका केन्द्र सम्मको दूरी (कि.मी.) |
|---|---|
| १ | ३३ |
| २ | ५५ |
| ३ | ९ |
| ४ | २० |
| ५ | १५ |
| ६ (केन्द्र) | ० |
| ७ | १० |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

## ६.२ विद्युत तथा बैकल्पिक उर्जा

### ६.२.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

गाउँपालिकाका प्राय वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ तर वडा नं ५ मा ढोरेनी र शिरवालीमा बाहेक पाखापानी, चोरपानी, पोखरा र महानेटामा विद्युत पुगेको छैन। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजा अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा सोलार प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न सोलार प्रयोग गर्नेको घरधुरी संख्या १,४८१ (३३.६० प्रतिशत) रहेको छ। त्यस्तै गाउँपालिकामा बसोबास गर्ने कुल घरधुरीको १,२२७ (२७.८४ प्रतिशत) घरधुरीले मट्टितेल, ७५९ (१७.२२ प्रतिशत) घरधुरीले बिजुली ५ (०.११ प्रतिशत) घरधुरीले गोबरग्यास प्रयोग गर्ने गरेको देखियो भने अन्य इन्धनको श्रोत प्रयोग गर्ने घरधुरीमा ९२१ (२०.८९ प्रतिशत) र इन्धनको श्रोत नखुलेको १५ (०.३४ प्रतिशत) रहेको देखिन्छ। जसलाई दिइएको बार ग्राफ तथा तालिका मार्फत देखाइएको छ।

तालिका नं. ४३ : वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा नं | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | १२३ | १ | ३३२ | ८७ | ३ | ५४९ |
| २ | ५९ | ७९ | २ | २९३ | १८८ | २ | ६२३ |
| ३ | १६४ | ८१ | २ | १६४ | १९२ | ४ | ६०७ |
| ४ | १२ | १२८ | ० | २५९ | २१८ | ३ | ६२० |
| ५ | २ | १५१ | ० | ३६५ | १८६ | ३ | ७०७ |
| ६ | ३६९ | २१८ | ० | ४ | ४८ | ० | ६३९ |
| ७ | १५० | ४४७ | ० | ६४ | २ | ० | ६६३ |
| जम्मा | ७५९ | १,२२७ | ५ | १,४८१ | ९२१ | १५ | ४,४०८ |
| प्रतिशत | १७.२२ | २७.८४ | ०.११ | ३३.६० | २०.८९ | ०.३४ | १००.०० |

*श्रोत : राष्ट्रिय जनगणना,२०६८*




## ६.२.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ४४ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५४२ | ३ | ० | १ | ० | ० | ० | ३ | ५४९ |
| २ | ६१७ | २ | ० | २ | ० | ० | ० | २ | ६२३ |
| ३ | ६०२ | ० | ० | १ | ० | ० | ० | ४ | ६०७ |
| ४ | ६१५ | १ | ० | १ | ० | ० | ० | ३ | ६२० |
| ५ | ६९८ | १ | ४ | १ | ० | ० | ० | ३ | ७०७ |
| ६ | ६१३ | ० | १९ | ० | ७ | ० | ० | ० | ६३९ |
| ७ | ६५५ | ७ | ० | १ | ० | ० | ० | ० | ६६३ |
| जम्मा | ४,३४२ | १४ | २३ | ७ | ७ | ० | ० | १५ | ४,४०८ |
| प्रतिशत | ९८.५० | ०.३२ | ०.५२ | ०.१६ | ०.१६ | ०.०० | ०.०० | ०.३४ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

२०६८ को जनगणनाअनुसार परिवारमा खाना पकाउन बढी प्रयोगमा आउने काठ/दाउराप्रयोग गर्ने घरधुरी ४,३४२ (९८.५० प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने २३ (०.५२ प्रतिशत), मटीतेल प्रयोग गर्ने १४ (०.३२ प्रतिशत), गोबरग्यास प्रयोग गर्ने ७ (०.१६ प्रतिशत ), कुइठा/ठोरहा प्रयोग गर्ने ७ (०.१६ प्रतिशत) छन् भने उल्लेख नगरिएकोमा १५ (०.३४ प्रतिशत) भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ६.२ संचार

समाजको हरेक क्षेत्रको विकासको लागि आजको संसारमा सञ्चार सुविधाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। त्यसमाथि पनि छत्रेश्वरी गाउँपालिका पहाडी क्षेत्रमा रहेकोले यस गाउँपालिकामा सञ्चारको अझ महत्वपूर्ण स्थान रहेको छ। सञ्चार साधन अन्तर्गत हुलाक, टेलिफोन, रेडियो, टेलिभिजन र पत्र-पत्रिका पर्दछन्।

### ६.२.१ हुलाक सेवा

तालिका नं. ४५ : गाउँपालिकामा हुलाक सेवाको उपलब्धता

| क्र.सं. | ठेगाना | हुलाकको किसिम र सेवा | |
|---|---|---|---|
| | | ईलाका | अतिरिक्त |
| १ | छत्रेश्वरी-५, महानेटा | १ | ३ |

*श्रोत: जिल्ला हुलाक कार्यालय, सल्यान २०७३*

यस छत्रेश्वरी गाउँपालिकामा ईलाका हुलाक कार्यालय १ र अतिरित्त हुलाक ३ गरि जम्मा ४ वटा हुलाक कार्यालयहरूबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँका ७ ओटै वडाहरूमा मोबाइल सेवा नेपाल टेलिकम र एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। वडा नं १ र ६ मा हाल १/१ वटा Ncell र Nepal Telecom को टावरहरू जडान भएकाले गाउँपालिका भरि जम्मा ४,३१० घरधुरी मध्ये ६० प्रतिशत घरधुरीले टेलिफोन तथा इन्टरनेट सेवा प्रयोग गर्ने अनुमान गरिएको छ। त्यस्तै वडा नं ७ को जिताथाना, पानीखोला र रावत गाउँ वडा नं ४ को जयचौर, घरेलीडाँडा, पिरवै खोला, रोक्चा तथा खर्सुवास, त्यसैगरि वडा नं २ को दहखोला र वडा नं १ को फार्लिबोट लगायतका क्षेत्रहरूमा नेपाल टेलिकमको मोबाइल नेटर्वक नलाग्ने हुंदा सुचना आदनाप्रदानमा समेत कठिनाई भएकाले उक्त क्षेत्रहरूमा टेलिफोन नेटवर्कको सुधार ल्याउनुपर्ने देखिन्छ

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

### ७.१.१ साक्षरताको अवस्था

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा साक्षरताको अवस्थालाई लिने गरिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ६८.९१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ६,६२० (७९.८३ प्रतिशत)को तुलनामा महिलाको साक्षरता दर ६,१९३ ( ६०.१२ प्रतिशत) रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.७१ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४६ : वडागत साक्षरताको विवरण

| | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्ने र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ९५१ | ८४३ | १८ | १४ | २१० | ४४३ | १ | १ | १,१८० | १,३०१ | २,४८१ |
| २ | १०७५ | ८६४ | २२ | ३५ | २४७ | ५५९ | ० | ० | १,३४४ | १,४५८ | २,८०२ |
| ३ | ८१८ | ८४६ | १० | १८ | २४४ | ६२७ | ० | ० | १,०७२ | १,४९१ | २,५६३ |
| ४ | ८१९ | ८०१ | ३२ | ३६ | ३२२ | ६९१ | ३ | ४ | १,१७६ | १,५३२ | २,७०८ |
| ५ | ११६१ | १०९५ | ३३ | ४१ | १९९ | ५४७ | १ | १ | १,३९४ | १,६८४ | ३,०७८ |
| ६ | ९०६ | ८६३ | ५ | १५ | १२० | ४५५ | ० | २ | १,०३१ | १,३३५ | २,३६६ |
| ७ | ८९० | ८८१ | ११ | २० | १९५ | ५९८ | ० | १ | १,०९६ | १,५०० | २,५९६ |
| जम्मा | ६,६२० | ६,१९३ | १३१ | १७९ | १,५३७ | ३,९२० | ५ | ९ | ८,२९३ | १०,३०१ | १८,५९४ |
| प्रतिशत | ७९.८३ | ६०.१२ | १.५८ | १.७४ | १८.५३ | ३८.०५ | ०.०६ | ०.०९ | १००.०० | १००.०० | |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*




## ७.१.२ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४७ : शैक्षिक जनशक्तिको विवरण

| | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | २४८ | ३०८५ | १६७० | ६६६ | ५८२ | २७७ | ८५ | २३ | ५ | २०९ | २८ | **६,८७८** |
| **महिला** | २२२ | २९८४ | १५५३ | ६५१ | ४५८ | २४० | २८ | १ | १० | २७६ | २८ | **६,४५१** |
| जम्मा | **४७०** | **६,०६९** | **३,२२३** | **१,३१७** | **१,०४०** | **५१७** | **११३** | **२४** | **१५** | **४८५** | **५६** | **१३,३२९** |
| प्रतिशत | **३.५३** | **४५.५३** | **२४.१८** | **९.८८** | **७.८०** | **३.८८** | **०.८५** | **०.१८** | **०.११** | **३.६४** | **०.४२** | **१००.००** |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हेर्ने हो भने यस गाउँपालिकामा ठूलो संख्यामा प्राथमिक तह पूरा गरेका अर्थात् ४५.५३ प्रतिशत रहेका छन् भने त्यसपछि दोस्रो स्थानमा निम्न माध्यमिक २४.१८ प्रतिशत, तेस्रो मा.वि तहमा ९.८८ प्रतिशत, चौथो स्थानमा एस.एल.सी तहमा ७.८० रहेका छन् भने स्कुल नगएको ३.५३ प्रतिशत छन् । प्राविधिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ । अत: यी विविध सूचकहरूको अध्ययन गर्दा गाउँपालिकामा शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ । गाउँपालिकामा रहेको साक्षरताको विवरण तालिकामा उल्लेख गरिएको छ ।




### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४८ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनियरिङ, विनिर्माण र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १३५ | १६ | २०६ | २६ | २१ | १ | ७ | ४३ | १९ | ६ | १७४ | ६५४ |
| प्रतिशत | २०.६४ | २.४५ | ३१.५० | ३.९८ | ३.२१ | ०.१५ | १.०७ | ६.५७ | २.९१ | ०.९२ | २६.६१ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरण देखाइएको छ। जसमा सबैभन्दा धेरै २०६ (३१.५० प्रतिशत) शिक्षा विषय लिएर अध्ययन गरेको देखिन्छ भने दोस्रोमा १३५ (२०.६४ प्रतिशत) मानविकी र कला, तेस्रोमा ४३ (६.५७ प्रतिशत) सामाजिक र व्यवहारिक विज्ञानविषय लिएर अध्ययन गरेको पाईन्छ। यसैगरी विज्ञानमा २६ (३.९८ प्रतिशत), स्वस्थ्यमा२१ (३.२१ प्रतिशत),गणित र तथ्याङ्क १९ (२.९१ प्रतिशत),व्यापार र प्रशासन १६ (२.४५ प्रतिशत),कानुन ७ (१.०७ प्रतिशत) विषय लिएर अध्ययन गरेको देखिन्छ। गाउँपालिकामा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.१.४ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ४९ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| **पूर्व प्रा.वि. .नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह** | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| **आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८)** | ५-१२ वर्ष | १,९२१ | १,९७१ | ३,८९२ | १,८५३ | १,९०४ | ३,७५७ | ९६.५३ |
| **मा.वि. जाने उमेर समूह (कक्षा ९-१०)** | १३-१४ वर्ष | २० | ३१ | ५१ | २० | २८ | ४८ | ९४.१२ |
| **उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२)** | १५-१७ वर्ष | २ | २ | ४ | २ | २ | ४ | १००.०० |
| **जम्मा** | | १,९४३ | २,००४ | ३,९४७ | १,८७५ | १,९३४ | ३,८०९ | |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९६.५३ प्रतिशत स्कुल गएको देखिन्छ भने ३.४७ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९४.१२ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ५.८८ प्रतिशत स्कुल गएको देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ७.१.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

**शैक्षिक पूर्वाधार तथा सेवा**

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँमा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँमा पठनपाठनका लागि प्रावि सङ्ख्या २८, नि.मा.वि. ६, मा.वि. ७, उमावि २ गरी जम्मा ४३ वटा शिक्षण संस्थाहरू रहेका छन्। यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५० : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

| संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. तह संचालन (१-५) | २६ | २ | २८ |
| नि.मा.वि. तह संचालन (१-८) | ५ | १ | ६ |
| मावि तह संचालन (१-१०) | ७ | ० | ७ |
| उ.मावि तह संचालन (१-१२) | २ | | २ |
| **जम्मा** | ४० | ३ | ४३ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, सल्यान २०७३*

### ७.१.६ बाल विकास केन्द्र

तालिका नं. ५१ : विद्यालय तथा बालविकास केन्द्र संख्या

| सि.नं. | साबिकका गा.वि.स. | विद्यालय संख्या | | | | | क्याम्पस |
|---|---|---|---|---|---|---|---|
| | | प्रा.वि. | नि.मावि | मा.वि | उ.मा.वि. | जम्मा | |
| १ | छाँयाक्षेत्र | ७ | ० | १ | १ | ९ | १ |
| २ | कोर्बाङझिम्पे | १० | १ | ३ | १ | १४ | |
| ३ | दमाचौर | ६ | ४ | १ | | ११ | |
| ४ | लेखपोखरा | ३ | १ | २ | | ६ | |
| | जम्मा | २६ | ६ | ७ | २ | ४० | १ |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

### ७.१.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्याथीहरू प्राथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैषिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरू चनाखो नहुनु** : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु** : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु** : विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ **शिक्षकहरूमा प्रतिबद्धताको कमी** : शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।

- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट बञ्चित रहेको छन्।

## ७.२ स्वास्थ्य

पहाडी भागमा अवस्थित यस गाउँ स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार खासै अनुकुल देखिदैन। राजनितिक रुपमा ७ वडाहरूमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। गाउँपालिकाको वडा नं ५ लेखपोखरा स्थित प्राथमिक स्वास्थ्य केन्द्रको निर्माण सम्पन्न भई सञ्चालनमा आएतापनि दक्ष जनशक्ति एवं आधुनिक उपकरणहरूको अभाव र स्वास्थ्य केन्द्रको कमजोर व्यवस्थापनको कारण गाउँपालिकावासीहरूले अपेक्षित स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेको पाइँदैन त्यसैले कुनै ठूलो रोग लागेमा अथवा घाइते भएमा उपचारको लागि सदरमुकाम तथा राजधानी नै जानुपर्ने अवस्था छ। त्यहिपनि साधारण उपचारको लागी गाउँपालिकामा केही मात्रामा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य/ उप स्वास्थ्य चौकीहरू सञ्चालनमा छन्। गाउँघरमा धेरै मात्रामा क्लिनिकहरू पनि सञ्चालनमा आएका छन्।

तालिका नं. ५२ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण

| अस्पताल ( सरकारी र निजी) | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | गाउँ स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी | गाउँघर क्लिनिक | खोप क्लिनिक | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|---|---|
| ० | १ | ४ | ० | ० | १३ | ० | ३६ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय २०७१, सल्यान*

### ७.२.१ गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरू

- ✓ प्राथमकि स्वास्थ्य केन्द्र- २ शैया
- ✓ स्वास्थ्य चौकी-४
- ✓ गाउँघर क्लिनिक- १३
- ✓ खोप क्लिनिक-०
- ✓ डट्स उपचार केन्द्र-०
- ✓ महिला स्वास्थ्य स्वयं सेविका-३६
- ✓ आयुर्वेद औषधालय-०

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार केही मात्रमा जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान

गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। स्वास्थ्य संस्थामा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका विभिन्न वडाहरूमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.२.२ महिला स्वास्थ्य स्वयंसेविकाहरू

आ.व. २०४९/०५० बाट तराईको १००० जनसंख्यामा १ जना, पहाडमा ३०० जनसंख्यामा १ जना र हिमालमा २५० जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। तर सल्यान जिल्लामा वि.सं. २०४५ साल देखि साविकका प्रत्येक गाविसका वडाहरूमा एक जना महिला स्वयंसेविका रहने व्यवस्था अनुसार सल्यान जिल्लामा ४२३ जना कार्यरत रहेका छन्। जस अनुसार यस गाउँपालिकामा अहिले करिब ३६ जना महिला स्वयंसेविका रहेका छन्।

### ७.२.३ सुँडेनी

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको नीति रहेको छ। परम्परागत रुपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले मातृ शिष्यु स्वास्थ्य कार्यकर्ता बाट सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन।

### ७.२.४ परिवार नियोजन

बच्चा जन्माउँदा हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरू बाट गरिएको अध्ययन अनुसन्धान बाट परिवार नियोजनले आमा, बच्चा र नवशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ। त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू

महिला स्वास्थ्य स्वयंसेवीकाद्धारा सेवा पुर्‍याउँदै आएको छ । परिवार नियोजन सम्बन्धी अस्थायी विधिहरू तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५३ : परिवार नियोजनको अस्थायी विधि

| साविकका गा.वि.स. | अस्थायी विधि (प्रजनन उमेरका विवाहित महिला) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ प्रयोगकर्ता प्रतिशत | | | | | | हालका प्रयोगकर्ता प्रतिशत | | | | | |
| | कन्डम | पिल्स | डिपो | आईयुसिडी | इम्प्लान्ट | **जम्मा** | कन्मड | पिल्स | डिपो | आईयुसिडी | इम्प्लान्ट | **जम्मा** |
| **छायाँछेत्र** | ४.५६ | ०.२६ | ३.०४ | ० | ० | **७.८५** | ४.५६ | २.३९ | ६.७८ | ० | ०.४५ | **१४.१८** |
| **दमाचौर** | ४.२३ | ० | २.६८ | १.१४ | १.७४ | **९.८** | ४.२३ | १.२१ | ४.६३ | ६.११ | ५.५७ | **२१.७४** |
| **कोर्बाङ झिम्पे** | ३.४८ | १.३९ | ६ | ०.०६ | १.६४ | **१२.५८** | ३.४८ | २.९७ | ५.५६ | १.०१ | २.०८ | **१५.११** |
| **लेखपोखरा** | १५.४३ | ४.३२ | ८.५३ | ० | ० | **२८.२८** | १५.४३ | २.५५ | ५.०९ | ४.२१ | ५.६५ | **३२.९३** |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, सल्यान २०७३*

### ७.२.५ गाउँघर क्लिनिक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपि तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। यस गाउँपालिकाका साबिकका गा.वि.स.हरू छायाँक्षेत्रमा ४, दामाचौरमा ४,कोर्बाङझिम्पेमा ३ र लेखपोखरामा पनि ३ गरी जम्मा १४ वट क्लिनिक सञ्चालन भइरहेका छन् र तालिकामा क्लिनिकले दिएको औषत सेवा पनि उल्लेख गरिएको छ।

तालिका नं. ५४ : गाउँपालिकामा सञ्चालन हुने गाउँघर क्लिनिक संख्या

| क्र.शं. | संस्थाको नाम | जम्मा क्लिनिक संख्या | पर क्लिनिक दिइएको औषत सेवा |
|---|---|---|---|
| १ | छायाँक्षेत्र | ४ | २३ |
| २ | दामाचौर | ४ | ९ |
| ३ | कोर्वाडझिम्पे | ३ | ३८ |
| ४ | लेखपोखरा | ३ | १५ |
| | **जम्मा** | **१४** | |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय, सल्यान २०७३*

त्यस्तै गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

## ७.२.६ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुँदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारत लगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार छत्रेश्वरी गाउँपालिकामा पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

## ७.२.७ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन्। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

तालिका नं. ५५ : सुरक्षित मातृत्वको विवरण

| सि.नं. | साविकका गा.वि.स.हरू | कम्तीमा १ पटक ANC चेकअप गरेको गर्भवती | चार पटक ANC जाँच गरेको गर्भवती महिलाको प्रतिशत | १८० आईरन चक्की प्राप्त गर्ने महिलाको प्रतिशत | Vitamin E प्राप्त गर्ने गर्भवती महिलाको प्रतिशत | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | दक्ष सुडेनीको प्रतिशत | स्वास्थ्य स्वयंसेविका बाट सुत्केरी सेवा प्रदान गर्ने को |
|---|---|---|---|---|---|---|---|---|
| १ | छायाँछेत्र | ७४.३६ | ४७.४४ | ६७.३१ | ७३.७२ | ० | ० | ० |
| २ | दमाचौर | ६७.९७ | ५४.९ | ५२.९४ | ६७.९७ | ५८.१७ | ४५.७५ | १२.४२ |
| ३ | कोर्वाङझिम्पे | ७१.०८ | ३३.७३ | ४१.५७ | ६२.६५ | ० | ० | ० |
| ४ | लेखपोखरा | १२१.५९ | ५७.९५ | ६०.२३ | ११५.९१ | ६७.०५ | ६७.०५ | ० |

*श्रोतः जिल्ला स्वास्थ्य कार्यालय, सल्यान २०७३*

## ७.२.८ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बाल मृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

तालिका नं. ५६ : दादुरा रुबेला रोग बिरुद्ध खोप अभियानको प्रगती विवरण

| क्र.सं. | संस्थाको नाम | लक्षित जनसंख्या | दादुरा रुबेला खोप लगाएका बालबालीका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिना देखि ५ वर्ष सम्म | ९ महिना देखि २ वर्ष सम्म | २ वर्ष देखि ५ वर्ष सम्म | जम्मा | |
| १ | छायाँक्षेत्र | ४६४ | १६५ | ३९३ | ५५८ | १२० |
| २ | दमाचौर | ४९९ | १२८ | २८५ | ४१३ | ८३ |
| ३ | कोर्वाङझिम्पे | ५९५ | २१७ | ४९३ | ७१० | ११९ |
| ४ | लेखपोखरा | २८८ | ११२ | २१८ | ३३० | ११५ |
| | जम्मा | १८४६ | ६२२ | १३८९ | २०११ | |

*श्रोतः जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३*

तालिका नं. ५७ : ईन्सेफलाईटिस रोग विरुद्ध खोप अभियानको प्रगती विवरण

| क्र.सं. | संस्थाको नाम | लक्षित जनसंख्या | जापानीज ईन्सेफलाईटिस खोप लगाएका बालबालिका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिना देखि ५ वर्ष सम्म | ९ महिना देखि २ वर्ष सम्म | २ वर्ष देखि ५ वर्ष सम्म | जम्मा | |
| १ | छायाँक्षेत्र | २,१२० | ४४८ | १,८७३ | २,३२१ | १०९ |
| २ | दमाचौर | २,२५३ | ४२८ | १,४५३ | १,८८१ | ८४ |
| ३ | कोर्वाङझिम्पे | २,२०८ | ६०८ | १,४७६ | २,०८४ | ९४ |
| ४ | लेखपोखरा | १,३०८ | २८५ | ८३७ | १,१२२ | ८६ |
| | जम्मा | ७,८८९ | १,७६९ | ५,६३९ | ७,४०८ | |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३*

तालिका नं. ५८ : १ वर्ष मुनिका खोप लगाइएको बालबालिकाको विवरण

| साबिका गा.वि.स. हरूको नाम | प्राप्त प्रतिवेदन | बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव | | | पोलियो | | | पि.सि.भि. | | | IPV (पोलियो) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | |
| छायाछत्रे | १२ | ९८.५१ | १०४.४८ | ११४.९३ | १०६.७२ | ६६.४२ | ६८.६६ | ७३.८८ | ८२.८४ | १०२.९९ | ६९.४ | ८७.३१ |
| दमाचौर | १२ | ६९.६६ | ८४.८३ | ८६.९ | ७९.३१ | ४० | ३९.३१ | ३३.७९ | ७१.७२ | ७०.३४ | २० | ८८.९७ |
| कोर्वाङ झिम्पे | १२ | ७०.९५ | ७९.३३ | ७३.१८ | ७५.४२ | ३७.४३ | ३२.९६ | २९.६१ | ७१.५१ | ६२.५७ | ३६.३१ | ६७.६ |
| लेखपोखरा | १२ | १११.११ | १२२.२२ | १०५.५६ | ८७.५ | ७७.७८ | ५२.७८ | ५१.३९ | १११.११ | ११९.४४ | ७७.७८ | ६५.२८ |

*श्रोत: जिल्ला स्वास्थ्य कार्यालय,सल्यान २०७३*

### ७.२.९ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.१० शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सुन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार

पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.२.११ बालपोषण सम्बन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

तालिका नं. ५९ : खेलमैदानको विवरण

| सि.नं. | खेलमैदान | ठेगाना |
|---|---|---|
| १ | शारदा मा.वि. | शंखमुल-६ |
| २ | त्रिभुवन जनता मा.वि | भोटेचौर-६ |
| ३ | भानुभक्त मा.वि. | दमाचौर-१ |

*श्रोत:जिल्ला समन्वय समिति, सल्यान २०७३*

छत्रेश्वरी गाउँपालिकामा कुनै पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेलकुद मैदान नभएकाले यहाँका बालबालिका एवं युवा जनशक्ति विद्यालयकै खेलकुद मैदानमा भर पर्ने बाहेक अन्य कुनै विकल्प छैन। यस गाउँपालिकामा शारदा मा.वि., त्रिभुवन जनता मा.वि. र भानुभक्त मा.वि. जस्ता विद्यालयहरूको खेल मैदान खेलकुद प्रतियोगिताको लागि प्रयोग गरेको पाइन्छ। गाउँपालिकामा विशेष गरी बालबालिका एवं युवा पुस्ताहरूको विभिन्न खेलकुदको विकास एवं स्वास्थ्य शारीरिक विकासको लागि खेलकुद क्षेत्रमा लगानी गर्नुपर्ने जरुरी देखिन्छ साथै गाउँपालिकाले आगामी नीति, बजेट तथा कार्यक्रममा एक वडा एक खेलकुद मैदानको अवधारणालाई प्राथमिकताका साथ अगाडि बढाई खेलकुद क्षेत्रको विकास गर्न आवश्यक देखिन्छ।

## ७.४ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ५१८ (२.४१ प्रतिशत) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका २३२ (४४.७९ प्रतिशत), दृष्टि सम्बन्धी ६४ ( १२.३६ प्रतिशत), सुनाई सम्बन्धी अपाङ्गता भएका ८८ (१६.९९ प्रतिशत), सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका ५ (०.९७ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ६८ (१३.१३ प्रतिशत) देखिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको  प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trocoma जस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन  प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरषण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता  परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं. ६० : अपाङ्गताको विवरण

| | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १४० | २५ | ३९ | २ | ४१ | ९ | १४ | ९ | २७९ |
| महिला | ९२ | ३९ | ४९ | ३ | २७ | ११ | ४ | १४ | २३९ |
| **जम्मा** | २३२ | ६४ | ८८ | ५ | ६८ | २० | १८ | २३ | ५१८ |
| **प्रतिशत** | ४४.७९ | १२.३६ | १६.९९ | ०.९७ | १३.१३ | ३.८६ | ३.४७ | ४.४४ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

## ७.५ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्ष दखि १५ वर्षसम्मका लाइ खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापि सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिमका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ। बालश्रमम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रम नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाइको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८ लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

## ७.६ खानेपानी तथा सरसफाई

### ७.६.१ खानेपानीको विवरण

छत्रेश्वरी गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा/पाइप नै हो। गाउँपालिकाका केही वडाहरूमा धारा/पाइप, मूल धारा नै प्रमुख खानेपानीको स्रोतको रुपमा रहेका छन्।

तालिका नं. ६१ : खानेपानीको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| धारा/पाइप | ३४६ | ३४७ | ४०५ | ४३२ | ३६३ | ६०६ | ३९८ | २,८९७ | ६५.७२ |
| ट्युबवेल/हाते पम्प | १ | ० | ० | १ | १ | ० | १ | ४ | ०.०९ |
| ढाकिएको इनार/कुवा | ८ | ७ | ० | ० | २३ | ० | १ | ३९ | ०.८८ |
| खुला इनार/कुवा | ९ | १४९ | ५ | १२ | ४६ | ३ | ८१ | ३०५ | ६.९२ |
| मूल धारा | १८२ | १०५ | १९३ | १५० | २३३ | २२ | १७३ | १,०५८ | २४.०० |
| नदी/खोला | २ | १३ | ० | २२ | ३८ | ८ | ८ | ९१ | २.०६ |
| अन्य | ० | ० | ० | ० | ० | ० | १ | १ | ०.०२ |
| उल्लेख नगरिएको | १ | २ | ४ | ३ | ३ | ० | ० | १३ | ०.२९ |
| जम्मा | ५४९ | ६२३ | ६०७ | ६२० | ७०७ | ६३९ | ६६३ | ४,४०८ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ जसमा धारा/पाइप प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी २,८९७ (६५.७२ प्रतिशत) देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धारा प्रयोग गर्नेको संख्या १,०५८ (२४.०० प्रतिशत) देखिन्छ। यसैगरी खुला इनार/कुवा प्रयोग गर्ने ३०५ (६.९२ प्रतिशत), नदी/खोला प्रयोग गर्ने घरधुरी ९१(२.०६ प्रतिशत), ढाकिएको इनार/कुवा प्रयोग गर्ने ३९ (०.८८ प्रतिशत) घरधुरी रहेको पाईन्छ। गाउँपालिकाको अन्य संख्यामा भने केही घरधुरी मूल धाराको पानीको प्रयोग गर्ने गरेको देखिन्छ भने गाउँपालिका क्षेत्रभित्रका केही स्थान जस्तै वडा नं ५, वडा नं ७ लगायतका क्षेत्रमा खानेपानीको चरम अभाव रहेको पाईन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.६.२ वडागत चर्पीको विवरण

तालिका नं. ६२ : गा.वि.स.अनुसार शौचालय संख्याको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| फ्लस भएको (सार्वजनिक ढल) | ५ | ६ | ५ | १ | ५ | ५ | १३ | ४० | ०.९०७ |
| फ्लस भएको (सेप्टिक ट्याङ्क) | २०४ | २४५ | १३० | ३६ | १०० | २०८ | ११७ | १,०४० | २३.५९ |
| साधारण | १११ | ३७ | ३९ | ६४ | १८५ | १२५ | २९ | ५९० | १३.३८ |
| चर्पी नभएको | २२६ | ३३३ | ४२९ | ५१६ | ४१४ | ३०१ | ५०४ | २,७२३ | ६१.७७ |
| उल्लेख नगरिएको | ३ | २ | ४ | ३ | ३ | ० | ० | १५ | ०.३४ |
| जम्मा | ५४९ | ६२३ | ६०७ | ६२० | ७०७ | ६३९ | ६६३ | ४,४०८ | १०० |

*श्रोत : राष्ट्रिय जनगणना,२०६८*




केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार समुदायको प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा करिब १,०४० (२३.५९ प्रतिशत) घरधुरीमा फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालय पाईयो भने वडागत रुपमा हेर्दा सबैभन्दा बढी वडा नं. २ मा यसप्रकारको शौचालय प्रयोग गरेको देखिन्छ। त्यसैगरी दोस्रोमा ५९० (१३.३८ प्रतिशत) साधारण शौचालय प्रयोग गर्ने गरेको देखिनुका साथै वडागत रुपमा वडा नं. ५ मा यसप्रकारको शौचालयको बढी प्रयोग गरेको पाइन्छ। गाउँपालिकामा अझैपनि २,७२३ (६१.७७ प्रतिशत) शौचालय नभएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.७ सामाजिक सुरक्षा भत्ता

यस छत्रेश्वरी गाउँपालिकामा आर्थिक वर्ष २०७३/७४ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको वडागत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ६३ : आ.व.२०७३/७४ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण

| वडा नं. | जेष्ठ अन्य | दलित जेष्ठ | एकल/विधवा महिला | अपाङ्ग | | ५ वर्ष मुनिका दलित बालबालिका |
|---|---|---|---|---|---|---|
| | | | | पूर्ण | आंशिक | |
| १ र २ | १४२ | ६१ | १५८ | १० | २४ | १५० |
| ३ | ४१ | ५ | ८५ | ७ | १७ | ४४ |
| ४ | ४७ | ४३ | ८२ | ७ | ६ | ४८ |
| ५ | ७५ | ८४ | ६३ | १२ | १० | ८९३ |
| ६ | २२ | ३४ | ४७ | ६ | २ | ४१ |
| ७ | ९३ | २६ | १०५ | ३ | ५ | २१ |
| जम्मा | ४२० | २५३ | ५४० | ४५ | ६४ | १,१९७ |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७४*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

सल्यान जिल्लामा अवस्थित छत्रेश्वरी गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। सल्यान जिल्लाको यस छत्रेश्वरी गाउँपालिकामा कुल क्षेत्रफल १५०.६९ वर्ग कि.मि. मध्ये ५७.४५ प्रतिशत वन क्षेत्रको रुपमा रही आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

छत्रेश्वरी गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्तत: लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको

महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण र समशितोष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरूले भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गनग्वाली, हरहरे, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपि वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाई सराइको अत्याधिक चाप र भूमिको उर्वरापनका कारण करिब ४ दशक

अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न क्षेत्रहरूको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

गाउँपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्या योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ। यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरूमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

छत्रेश्वरी गाउँपालिका रहेको सल्यान जिल्लामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरू पाइन्छन्। यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

छत्रेश्वरी गाउँपालिका रहेको सल्यान जिल्लामा करिब १४० प्रकारका चराहरू पाइन्छन्। यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ भित्ती, गनग्वाली, हरहरे, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरू

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि पइन्छन्।

### (ङ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि।

### (च) फूलका प्रजातिहरू

गाउँपालिकामा करिब २४४ किसिमको वनस्पतीहरू पाइनुका साथै २३५ प्रजातिहरू फुल फुल्ने वर्गमा रहेका छन्। यस्तै एकदलीय वर्गका विरुवाहरू लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरू करिव ७१ प्रतिशत रहेको अनुमान गरिउको छ भने जलोभिद लगभग ४४ प्रतिशत र स्थलीय करिव ५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ। सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरू हुन्।

## ८.५ वनजंगल

करिब ८,६५८ हेक्टर जमिन वनजंगलले ओगटेको छत्रेश्वरी गाउँपालिक प्राकृतिकले रुपले रमणीय र धनी गाउँपालिकामा गनिन्छ। यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वन क्षेत्रभित्र पोखरी तथा ताल एवं घाँसे मैदानहरू समेत रहेका छन्। गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरूमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

तालिका नं. ६४ : किसान तथा वन समुह मार्फत वृक्षारोपण र संरक्षण कार्यत्रम अन्तर्गत वृक्षारोपण कार्यक्रमको विवरण

| सि.नं. | इलाका वन कार्यालय | वृक्षारोपण विवरण | | | वृक्षारोपण क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक तथा कबुलियती वन समुहको नाम | ठेगाना | रोपण विरुवा संख्या | | |
| १ | लुहाम | बरलाचौर | छायाँक्षेत्र | २८०० | १.७५ | |
| २ | भुवनेश्वरी | | छायाँक्षेत्र | २५०० | १.५६ | |
| ३ | लखपोखरा | विजय | झिम्पे | २५०० | १.५६ | |

*श्रोत: जिल्ला वन कार्यालय, सल्यान २०७१*

उष्ण र सम-शितोष्ण प्रदेशमा पर्ने यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरू जस्तै सालको वन, पहाड हार्डउड, खयर, सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीति अनुरुप यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरूलाई नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली प्रवर्द्धन गर्ने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभूत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। गाउँपालिकामा आ.व. २०७१/७२ सम्ममा ३६ सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारणले भैरहेको वन विनासले वनजंगलको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा यस क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र

आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले विनास भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउन अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिँदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैर सरकारी संस्थाहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय आम्दानी गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरूको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिएको छैन।

तालिका नं. ६५ : आ.व. ०७२/०७३ सम्म उपभोक्ता समूहमा हस्तान्तरण भएको सामुदायिक वनको विवरण

| सि.नं. | साविकका गा.वि.स. | क्षेत्रफल (हे) | संख्या | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | दमाचौर | ३८५.७५ | ७ | ५२९ |
| २ | लेखपोखरा | ५९८ | १३ | १०९२ |
| ३ | छाँयाक्षेत्र | १५७८.५ | ९ | १०४४ |
| ४ | दमाचौर | ३८५.७५ | ७ | ५२९ |
| | जम्मा | **२९४८** | **३६** | **३१९४** |

*श्रोत: जिल्ला वन कार्यालय, सल्यान २०७३*

छत्रेश्वरी गाउँपालिकामा आ.व. २०७१/०७२ सम्ममा जम्मा ३६ वटा सामुदायिक वन उपभोक्तालाई हस्तान्तरण गरिएको छ। हस्तान्तरित सामुदायिक वनले यस गाउँपालिकामा २९४८ हे. क्षेत्रफल ओगटेको छ भने ३,१९४ घरधुरी लाभान्वित भएका छन्।

### ८.५.२ धार्मिक वन

सल्यान जिल्लाको छत्रेश्वरी गाउँपालिकाको वडा नं ६ (साविक छाँयाक्षेत्र गाविसको वडा नं. १) मा पर्ने छत्रेश्वरी सती पीठ मन्दिर वरपर रहेको ४.४ हेक्टर वन जंगल क्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको छ। आ.व. २०६७/०६८–२०७२/०७३ सम्मको पाँच रणनीतिक योजना तयार गरी यस क्षेत्रको विकासका लागि कार्यक्रमहरू समेत तर्जुमा गरिएका छन्।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

सल्यान जिल्लामा निजी वन दर्ताको गति समान्य रुपमा अगाडि बढेको पाईन्छ। हालसम्म सल्यान जिल्लामा दर्ता भएका निजी वनको संख्या सेजवालटाकुरा, पिपलनेटा र शारदा नगरपालिकामा गरि जम्मा २७ वटा रहेका छन्। छत्रेश्वरी गाउँपालिकामा कुनै पनि निजी वन दर्ता हाल सम्म भएको छैन।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरूको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरूमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरूमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरू साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

सल्यान जिल्लामा रहेको छत्रेश्वरी गाउँपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको मागलाई पूर्ती गरी जिल्लाभित्रकै अन्य गाउँपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन नभएकोले स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि गाउँपालिकामा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन। तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरूको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुन: संचालनमा ल्याई काठ दाउरा बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ। यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरी स्थानीय जनताहरूलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ।

यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ८.८ जडिबुटीसम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

छत्रेश्वरी गाउँपालिकामा वन पैदावरमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। गाउँपालिकामा हालसम्म सञ्चालन रहेको वन पैदावरमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.१० वन संरक्षणका कार्यहरू र चाल्नु पर्ने कदम

छत्रेश्वरी गाउँपालिकामा वन संरक्षणका लागि धेरै कार्यहरू भइरहेको छ। संरक्षण कार्यलाई थप मजबुत बनाउन अझै पनि धेरै गातिविधि गर्नुपर्ने देखिन्छ, गाउँपालिकामा अझै पनि वनफडानी, अवैध रुपमा खोटो निकासी, काठ तस्करी, वन्यजन्तु तस्करी भइरहेको छ। वनफडानी रोक्न, वन्यजन्तु तस्करी रोक्न, काठ तथा जडिबुटिको संरक्षणका लागि सरकारले विशेष कदम चाल्नुपर्ने देखिन्छ। यस्तै वन संरक्षणका लागि खटिएका कर्मचारीले गोप्य सूचना र जानकारीको आधारमा गरिएको कारबाही स्वरुप दायर भएका मुद्दाहरूको विवरण निम्नानुसार रहेको छ।

तालिका नं. ६६ : मुद्दा दायरी विवरण

| सि. नं. | मुद्दा दायरी विवरण | मुद्दाको विषय | प्रतिवादी | बरामद भएको वन पैदावार | मुद्दा दायर भएको निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०७२/१०/२५ | विना ईजाजत सामुदायिक वनमा रुख काटी हानी नोक्सानी गरेको | सल्यान जिल्ला छायाँक्षेत्र गा.वि.स. यज्ञ बहादुर विष्ट समेत | गोलिया थान टडको १८९.६८क्यु. फिटर र चिरान थान ३२ को ४१.३७क्यु.फिट | सल्यान जिल्ला अदालत, खलंगा सल्यान | |

*श्रोत : जिल्ला वन कार्यालय, सल्यान २०७३*

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दीगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ साथै खुला, सार्वजनिक स्थानहरूको पहिचान गरी वृक्षारोपण कार्यलाई अभियानकै रुपमा निरन्तरता दिनु आवश्यक रहेको छ।

## ८.११ अतिक्रमण हटाई व्यवस्थापन

यस गाउँपालिकाको धेरै बर्षदेखि वन अतिक्रमण भइरहेको छ। अहिले त्यस्ता अतिक्रमण भएका क्षेत्रमा बिजुली, पानी, सडक, विद्यालय बजारको व्यवस्था भई घना बसोवास क्षेत्रको रुपमा विकास भइसकेको छ। साथै सो घर/जग्गा खरीद बिक्री समेत हुने गरेको पाइन्छ। अतिक्रमित वन क्षेत्रका वस्तीहरूमा स्कुल, खानेपानी, विद्युत्त, बाटो सडक, कुलो, पुल पुलेसा, मठ मन्दिर आदि विभिन्न पूर्वाधारहरू निर्माण गरी दिनाले समेत वन अतिक्रमण कार्यलाई बढवा दिएको पाईन्छ। यस्ता कार्यहरू रोक्न समयमै नसोचे भोलिका दिनमा वनै नरहने अवस्था आउन सक्छ। गाउँपालिका क्षेत्रभित्र सार्वजनिक वा सरकारी, ऐलानी, पर्ती जग्गााको पहिचान गरी सोको लगत राख्ने, संरक्षण गर्ने कार्य अविलम्ब गर्नुपर्दछ र सार्वजनिक तथा ऐलानी जग्गाको अतिक्रमण गरी संरचना निर्माण गर्ने, भोगचलन गर्ने जस्ता गतिविधि रोक्न विशेष पहलका साथ अगाडी बढ्नु पर्ने देखिन्छ।

गाउँपालिकामा रहेका अधिकांश वनहरू पतझर र घाँसे तथा बुट्यान किसिमका पाइने हुनाले त्यस्ता क्षेत्रहरू आगलागीको लागि जोखिममा रहेका छन्। ग्रामीण बस्तीहरू साना वन बुट्यानको नजिक हुनु र घर तथा गोठका छानाहरू खर र काठका हुनुले आगलागीबाट अधिकांश बस्तीहरू आगलागी हुन सक्दछन्। आगामी दिनहरूमा आगलागी हुने क्षेत्रहरूको पहिचान गरी त्यसको रोकथामको लागि स्थानीय स्तरबाट के कस्तो नीति तथा कार्यक्रम तय गरी सञ्चालन गर्न सकिन्छ त्यसको वारेमा सरोकारवालालाई सचेत गराउन जरुरी देखिन्छ।

# खण्ड ९ : विकास सूचाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन। यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचाङ्क नै मानव विकास सूचाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। मानव विकास सूचाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचाङ्क ०.६३२ रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचाङ्क ०.३६४ रहेको छ। सल्यान जिल्लाको मानव विकास सूचक ०.४४१ रहेको छ। मानव विकास सूचाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सल्यान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.८० वर्ष र यसको सूचक ०.७३० जुन देशकै औषत आयुसँग हुवहु मिल्न जान्छ, प्रौढ साक्षरता दर (Adult literacy) ५५.५० प्रतिशत र यसको सूचक ०.५५५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.१७ वर्ष र यसको सूचक ०.२११ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) ७८६ अमेरिकी डलर र यसको सूचक ०.३४४ रहेको देखिन्छ।

तालिका नं. ६७ : मानव विकास सुचाङ्कको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| सल्यान | ६८.८० | ०.७३० | ५५.५० | ०.५५५ | ३.१७ | ०.२११ | ७८६ | ०.३४४ | ०.४४१ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, द्दण्ज्ञद्ध*

## ९.२ मानव गरिवी सूचाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचाङ्को स्थिति हेर्दा सल्यान जिल्ला मानव विकास सूचाङ्कको स्थिति भन्दा केही राम्रो अवस्थामा रहेको देखिन्छ। यो सूचाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरिवी सूचाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाडौं जिल्लाको मानव गरिवी सूचाङ्क २२.४५ (नेपालको ३१.१२) रहेको छ भने पुच्छारमा रहेको हुम्ला जिल्लाको मानव गरिवी सूचाङ्क ४९.२६ रहेको छ। मानव गरिवी

सूचाङ्कका अवयव सूचकहरूमा सल्यान जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४४.५० प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ८.२३ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ४२.१९ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५४.१० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,द्दण्ज्ञद्ध,UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरिवी

नेपालमा गरिवीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार काठमाडौं जिल्ला उच्च समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये गरीबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरीबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। सल्यान जिल्लामा गरिवीको रेखामुनी रहेको संख्या ६९,६०५ रहेको देखिन्छ।

तालिका नं. ६८ : गरिवीको दरको विवरण

| गरिवीको स्थान | गरिवीको दर (प्रतिशत) | गरिवीको विषमता (प्रतिशत) | गरिवीको गहनता (प्रतिशत) | गरिवहरूको संख्या |
|---|---|---|---|---|
| ४६ | २८.८(८.७६) | ६.३३(२.५७) | २.०५(०.९९) | ६९६०५ |

*श्रोत : राष्ठ्रिय जनगणना, द्दण्टड*

## ९.४ गरिवी न्यूनीकरण

सहरी गरिवी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सपिमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रीत गरी नयाँ थप भएका वडाहरूमा विभिन्न सीपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

यसै क्रममा आ.व. ०७२/०७३ मा यस सल्यान जिल्लामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरियो। विभिन्न तालिमहरू मार्फत यस गाउँपालिकाका मानिसहरूलाई रोजगारी तथा व्यवसायको लागि आन्तमनिर्भर बनाउने कार्य सफलतापूर्वक भयो जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६९ : गरिविनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ

| सि.नं. | कार्यक्रमको शिर्षक | संचालित क्रियाकलाप संख्या | प्रस्तावित बजेट | खर्च रकम | प्रगति | बजेट श्रोत |
|---|---|---|---|---|---|---|
| १ | **नयाँ उद्यमि श्रृजना २१० जना** | वामे, देवस्थल, घाँजरीपिल, माझकाँडा, कोरवाङ्गपझिम्पे र लेखपोखरमा जम्मा २१५ जना प्रगती | ४८,३०,००० | ४३,१५,४३६ | १००% | नेपाल सरकार र UNDP |
| **क** | ३ महिने सिलाई कटाई तालिम | ६ गा.वि.स.मा ६१ जनालाई लामो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ख** | ३ महिने ढाका बुनाई तालिम | ९ जनालाई लामो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **ग** | ४५ दिने आरन सुधार तालिम | ४ जनलाई मध्यम अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **घ** | १८ दिन मुडा बनाउने तालिम | ३५ जनालाई मध्यम अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **ङ** | ७ दिने च्याउ खेती तालिम | २७ जनालाई छोटो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **च** | ७ दिने कुखुरा पालन तालिम | २५ जनालाई छोटो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **छ** | ७ दिने तरकारी खेती | १३ जनालाई छाटो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **ज** | ७ दिने बाखापालन | ३७ जनालाई छोटो अवधिको तीलिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| **झ** | ७ दिने माछा पालन | ४ जनालाई छोटो अवधिको तालिम | " | " | १००% | नेपाल सरकार र UNDP |
| २ | **लघु उद्यमीहरूलाई जिल्ला भित्र र जिल्ला बाहिर अवलोकन भ्रमण** | विभिन्न गा.वि.स. का २० जनालाई अवलोकन | १,५०,००० | १,५०,००० | १००% | नेपाल सरकार र UNDP |
| ३ | **उद्यमीहरूको लागि स्तरोन्नती तालिम** | ३५ जनालाई तालिम(४५ दिने ड्रेस डिजाईन र ७ दिने दुग्ध परिकार वनाउने तालिम | ३,५०,००० | २,७६,००० | १००% | नेपाल सरकार र UNDP |
| ४ | **बजार सम्वन्ध निर्माण र उत्पादन प्रवर्द्धनमा सहयोग** | २३ जनालाई बजार सम्बन्ध निर्माण र उत्पादन प्रवर्द्धनमा सहयोग लेवलिङ्ग, पेकेजिङ्ग, मार्किङ्ग र व्रान्डीङ्ग | १,२५,००० | १,२५,००० | १००% | नेपाल सरकार र UNDP |
| ५ | **स्तरोन्नतीका लागि उद्यमीहरूलाई उपयुक्त प्रविधि प्रदान गर्ने** | २५ लक्ष्य प्रगती २७ जना | २,५०,००० | २,५०,००० | १००% | नेपाल सरकार र UNDP |

*श्रोत: जिल्ला समन्वय समिति, सल्यान २०७३*

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार २१,४५२ जनसंख्या भएको यस गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका एवं गरिवीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानव विकास सूचाङ्क, लैंगिक समानता सुचाङ्क, जनताको बाच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा तथा पाइपको प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ६५.७२ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको प्रयोग गर्नेको संख्या २४.०० प्रतिशत देखिन्छ। त्यस्तै खुला इनार तथा कुवा प्रयोग गर्ने ६.९२ प्रतिशत, नदी/खोला प्रयोग गर्ने २.०६ प्रतिशत देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका सल्यान जिल्लाको अन्य गाउँपालिकाहरूको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६८.९१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७९.८३ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६०.१२ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.७१ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकावासीहरूको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरूले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कोतर्फ मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

नेपालको संविधान बमोजिम राज्य पुन:सरचना एवं शासकीय स्वोरुपमा भएको परिवर्तन अनुरुप स्थानीय तहको चुनाव सम्पन्न भई हाल स्थानीय तहमा जननिर्वाचित प्रतिनिधिहरूको वहाल भईसकेको सन्दर्भमा सङ्घीय सरकारको अनुदान एवं आन्तरीक राजस्वका श्रोतको पहिचान मार्फत आम्दानीको प्रभावकारी ढंगले परिचालन गरी विकास निर्माणका कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको खण्डमा यस गाउँपालिकामा एक आर्थिक  वर्षमा नै गाउँपालिका क्षेत्रभित्रका आम नागरिकहरूका इच्छा आकांक्षा सम्बोधन गर्न सकिन्छ। यद्यपि स्थानीय तहमा कर्मचारीहरूको अभाव, भौतिक संरचनाको कमीले कार्यालय व्यवस्थापनमा देखिएको समस्या, स्थानीय तह सञ्चालन सम्बन्धी ऐनको अभावमा जन अपेक्षित चाहना पुरा गर्न र जनप्रतिनिधिहरूको इच्छा शक्तिको प्रयोग मार्फत नतिजामुखी कार्य सम्पादन गर्न भने चुनौतीपूर्ण अवस्था रहेको छ।

# स्थानीय तहको निर्वाचन २०७४ मा निर्वाचित छत्रेश्वरी गाउँपालिकाका जनप्रतिनिधिहरू:

| क्र.स. | पदाधिकारीको नाम, थर | पद | वडा | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | सन्तोष के.सी | अध्यक्ष | | ९८५७८२१४९६ |
| २ | सिता के.सी | उपाध्यक्ष | | ९८०९५०३८०९ |
| ३ | नेब बहादुर शाह | वडाध्यक्ष | १ | ९७४८५०२४४५ |
| ४ | प्रेम बहादुर खड्का | वडाध्यक्ष | २ | ९८०९५९२२८८ |
| ५ | राज बहादुर बुढाथोकी | वडाध्यक्ष | ३ | ९८४७८४४६६५ |
| ६ | नेब बहादुर खड्का | वडाध्यक्ष | ४ | ९७४८५१०७४५ |
| ७ | लिलाधर घर्ती | वडाध्यक्ष | ५ | ९८६८६२९०९९ |
| ८ | चुडामणि दशौंदी | वडाध्यक्ष | ६ | ९८४७८२३९९१ |
| ९ | मेघराज भण्डारी | वडाध्यक्ष | ७ | ९७४८५४०६९९ |
| १० | शुशीला कुमारी बि.क. | गा.का.स | २ | ९८२२८४२५७८ |
| ११ | लक्ष्मी सुनार | गा.का.स | ३ | ९८०९८६३७१३ |
| १२ | तुलसा बि.क. | गा.का.स | ४ | ९७४८५७८००३ |
| १३ | नन्दा सार्की | गा.का.स | ५ | ९८०७७०१०१६ |
| १४ | टिगे कामी | गा.का.स | | ९८०९८८२२०२ |
| १५ | दल बहादुर सार्की | गा.का.स | | ९७४८१६०२८२ |
| १६ | दिला मल्ल चन्द | सदस्य | १ | |
| १७ | सुनिता बि.क. | सदस्य | १ | |
| १८ | प्रकाश हमाल | सदस्य | १ | |
| १९ | युवराज न्यौपाने | सदस्य | १ | |
| २० | हुर्मी कमारी वली | सदस्य | २ | ९८०९५४७८३३ |
| २१ | केशरी प्रकाश खड्का | सदस्य | २ | ९८१०९२५५९६ |
| २२ | लाल बहादुर वली | सदस्य | २ | |
| २३ | तिर्थराज दाहाल | सदस्य | ३ | ९७४८६०३८१४ |
| २४ | कुली घर्ती | सदस्य | ३ | ९८२२९६११७२ |
| २५ | शान्ता कुमारी उपाध्याय | सदस्य | ४ | ९७४८६०६८८५ |
| २६ | गिर्दल खत्री | सदस्य | ४ | ९७४८६०३५०५ |
| २७ | प्रेम बहादुर खत्री | सदस्य | ४ | ९८१३४०५१४० |
| २८ | ममती बुढा | सदस्य | ५ | ९८०९७०२४९ |
| २९ | धन बहादुर खत्री | सदस्य | ५ | ९८२२००१८८६ |
| ३० | भेद बहादुर सार्की | सदस्य | ५ | ९८०९८३७४१७ |
| ३१ | मित्रलाल सार्की | सदस्य | ६ | ९८०९७१०१५० |
| ३२ | ललित नाथ योगी | सदस्य | ६ | ९८४७९३३०६८ |
| ३३ | राज कुमारी बि.क. | सदस्य | ६ | ९८०९५३६७३२ |
| ३४ | नन्दकली बुढा | सदस्य | ६ | ९८०९७९१२७९ |
| ३५ | सुन्तली रावल | सदस्य | ७ | |
| ३६ | लोक बहादुर खड्का | सदस्य | ७ | |
| ३७ | मेघी परियार | सदस्य | ७ | ९८०६२८८४२६ |

# छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी विवरण

| क्र.स. | कर्मचारीको नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८४४४०० |
| २. | खेमराज बुढाथोकी | ना.सु. | ९८४७८६४९०५ |
| ३. | वसन्त न्यौपाने | लेखापाल | ९८४९१४३५३७ |
| ४. | गोपाल ओली | सहलेखापाल | ९८५७८४४५०५ |
| ५. | शालिकराम पौडेल | सूचना प्रविधि अधिकृत | ९८५११०१९६२ |
| ६. | ज्यास्मीन राई | इन्जिनियर | ९८०६२८८३५८ |
| ७. | सन्दिप शर्मा | सव-इन्जिनियर | ९८६६९२१०१४ |
| ८. | बुद्धि प्रकाश हमाल | खरिदार | ९८५७८२२०७५ |
| ९. | निर्मला कुमारी के.सी. भण्डारी | सा.प. गरिबसंग विश्वेश्वर कार्यक्रम | ९८४७९३७१८२ |
| १०. | काली बहादुर खत्री | का.स. | ९८०९५७७७६३ |
| ११. | पूर्ण बहादुर खड्का | का.स. | |
| १२. | यादव वली | का.स. | |
| १३. | भुवनेश्वरी रावल | का.स. | |
| १४. | टिका के.सी. | का.स. | |
| १५. | निर्मला के.सी. | का.स. | |
| १६. | शुरेश वि.क. | का.स. | |

## शिक्षा शाखा

| | | | |
|---|---|---|---|
| १. | दल बहादुर राना | शाखा प्रमुख | ९८६६९६३१४३ |
| २. | काशी राज अधिकारी | श्रोत व्यक्ति | |

## पशु शाखा

| | | | |
|---|---|---|---|
| १. | गणेश भण्डारी | ना.प्र.स. | ९८०६२७२३५१ |

## कृषि शाखा

| | | | |
|---|---|---|---|
| १. | शारदा थापा | ना.प्र.स. | ९८४३५५२८३४ |

## आयुर्वेद शाखा

| | | | |
|---|---|---|---|
| १. | गिता रेग्मी | शाखा प्रमुख | ९८४७८५४६८७ |

## स्वास्थ्य शाखा

| | | | |
|---|---|---|---|
| १. | अम्मर कुमार शर्मा | शाखा प्रमुख | ९८४७८४४४८६ |

# छत्रेश्वरी गाउँपालिकाका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.स. | वडा कार्यालय | कर्मचारीको नाम, थर | पद |
|---|---|---|---|
| १ | १ | महेश चन्द | खरिदार |
| २ | | का.स. | का.स. |
| ३ | | गिता न्यौपाने | सामाजिक परिचालक |
| १ | २ | राम बहादुर चन्द | वडा सचिव |
| २ | | रमेश वि.क. | का.स. |
| १ | ३ | डिल्ली वली | वडा सचिव |
| २ | | मेनका बुढाथोकी | सा.प. गरिब संग विश्वेश्वर कार्यक्रम |
| ३ | | कमला के.सी. | सा.प. |
| ४ | | तारा प्रसाद वली | का.स. |
| १ | ४ | विमला घर्तीमगर | ना.प्र.स. |
| २ | | गणेश खत्री | का.स. |
| १ | ५ | दुर्गा बहादुर खत्री | वडा सचिव |
| २ | | गिता के.सी. भण्डारी | सा.प. |
| ३ | | भद्रवीर खत्री | का.स. |
| १ | ६ | हिमा यरी | वडा सचिव |
| २ | | कृष्ण रेउले | का.स. |
| १ | ७ | कमल बहादुर यरी | वडा सचिव |
| २ | | विर बहादुर बोहरा | का.स. |



गाउँ कार्यपालिकाको कार्यालय




सर्वोत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम



२०७३ सालको SEE मा सर्वोत्कृष्ट छात्र छात्रा



राष्ट्रपति रनिङशिल्ड विजेता विद्यार्थीको साथमा गाउँपालिका परिवार




पूर्ण खोप घोषणा कार्यक्रम



योजना तथा आर्थिक मामिला मन्त्रीज्यूलाई मायाको
चिनो प्रदान गर्दै गाउँपालिका अध्यक्ष

**"दीगो विकास र सुशासनको लहर, छत्रेश्वरी वासिको रहर"**

Website: www.chhatreshworimun.gov.np., E-mail: chhatreshworimun@gmail.com
Facebook: www.facebook.com/chhateshworimun
Twitter: @chhatreshwori, YouTube:chhatreshwori R. Municipality